# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक ६५ | काठमाडौं | शुक्रबार, १३ असार २०८२ | Prabhab National Daily | Friday, June 27, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


# गैरकानुनी तवरले चन्दा संकलनमा रास्वपा



■ जेबी योञ्जन

**काठमाडौं–** प्रतिनिधिसभा सदस्यसमेत रहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने दोषी ठहरिए पदै गुम्नेगरिको गम्भीर मुद्दा सामना गरिरहेका छन् । भैरहवा कारागारमा रहेका रविविरुद्ध काठमाडौं, कास्की, चितवन, रूपन्देही र बाँकेमा सहकारी ठगी मुद्दा छ । कास्कीमा भने सम्पत्ति शुद्धीकरण मुद्दा पनि छ ।

कुनै पनि जिल्लाको अदालतमा मुद्दाको किनारा लागेको छैन । रवि एकैसाथ पाँच जिल्ला अदालतमा मुद्दा लडिरहेका छन् । यस्तोमा रविलाई मुद्दा लड्न खर्च अभाव भएको भन्दै उनको दल रास्वपाले चन्दा संकलन गरिरहेको छ । देश विदेशबाट रविका समर्थकले चन्दा दिइरहेका छन् ।

चन्दाकै लागि यही ७ असारमा भैरहवा कारागारबाट लामिछानेको सचिवालयबाट अपिल जारी भएको थियो । अपिलमा रविले सहकारी ठगीमा आफूमाथि लागेका आरोपबारे प्रष्टीकरण दिँदै सरकारले राजनीतिक प्रतिशोधका आधारमा मुद्दा चलाएको दाबी गर्दै त्यसविरुद्ध हस्ताक्षर अभियान चलाउन पार्टी नेता कार्यकर्तालाई निर्देशन दिए । यसपछि रास्वपा नेता कार्यकर्ताले हस्ताक्षरसँगै चन्दा संकलन अभियान सँगसँगै सञ्चालन गरिरहेका छन् ।

पार्टी प्रवक्ता मनिष झाका अनुसार पार्टीको क्युआर कोड राखेर चन्दा संकलन भइरहेको छ । उनलाई चन्दा संकलन गैरकानुनी होइन भनी सोध्दा स्वेच्छिक सहयोग कानुनविपरीत नहुने बताए । 'हाम्रो सभापति रवि लामिछानेलाई जसरी मुद्दा चलाइयो र थुनामा पुऱ्याइयो यो सब राजनीतिक प्रतिशोध हो र उहाँलाई मुद्दा लड्न आर्थिक अभाव छ,' उनले प्रभावसँग भने, 'अभाव भएका कारण पार्टीले एउटा कोष खडा गर्ने र कोषमा जम्मा भएको पैसा मुद्दा लड्न खर्च गर्ने भनेर क्युआरमा सहयोग मागेका हौं ।'

नेपालको कानुनअनुसार सरकारको पूर्वस्वीकृति नलिइकन कुनै पनि कामका लागि चन्दा उठाउन पाइँदैन । चन्दा ऐन २०३० ले सरकारसँग अनुमति लिएर मात्रै चन्दा संकलन गर्न पाइने स्पष्ट व्यवस्था गरेको छ । तर, चन्दा संकलनका लागि रास्वपाले अनुमति लिएको छैन ।

चन्दा ऐन २०३० छ, 'नेपाल सरकार वा प्रदेश सरकारको पूर्वस्वीकृति लिई धार्मिक, परोपकारी वा अन्य सार्वजनिक कार्यका लागि कसैले स्वेच्छाले दर नतोकी चन्दा लिन–दिनबाहेक कुनै व्यक्ति वा सरकारी वा गैरसरकारी कार्यालय वा संस्थाले कसैबाट चन्दा उठाउन वा लिन हुँदैन ।'

रास्वपाले भने यो कानुनी प्रावधानलाई कुल्चिँदै चन्दा संकलन गरिरहेको हो ।

> ⏭ रविका लागि कानुनी लडाइँ लड्न रास्वपा चन्दा संकलनमा
> ⏭ चन्दा ऐन २०३० अनुसार सरकारको पूर्वस्वीकृति नलिइकन चन्दा संकलन गर्नु गैरकानुनी
> ⏭ रास्वपाले चन्दा संकलन गर्न सरकारसँग स्वीकृति लिएको छैन ।

⏭ क्रमशः पृष्ठ २ मा

# असारमा सरकारलाई विदेश भ्रमणको चटारो

- प्रधानमन्त्री केपी शर्मा ओली शनिबारबाट स्पेन भ्रमणमा जाँदै
- अहिले ऊर्जामन्त्री चीन भ्रमणमा छन् भने भौतिक मन्त्री टर्कीमा
- विदेश उडिरहने परराष्ट्रमन्त्री डा आरजु राणा देउवा आजै इटाली उड्दै

## कुन मन्त्री कुन देशमा




■ प्रभाव संवाददाता

**काठमाडौं–** सर्वसाधारणलाई अहिले असारको चटारो लागेको छ । असार अर्थात् माना खाएर मुनी फलाउने महिनाको रूपमा समेत चिनिन्छ । तर सरकारलाई भने यतिबेला जनताको कामधन्दा भन्दा विदेश भ्रमणको असार लागेको छ ।

अहिले मन्त्रिपरिषद्का अधिकांश सदस्यहरू फरकफरक देशमा दौडधुपमा लागेका छन् । कतिसम्म भने अहिले नियमित मन्त्रिपरिषद् बैठकमासमेत कोरम पुऱ्याउने हम्मे हुने गरेको प्रधानमन्त्री कार्यालयकै सचिवहरू बताउँछन् ।

प्रधानमन्त्री केपी शर्मा ओली शनिबार स्पेनको औपचारिक भ्रमणमा निस्कँदैछन् । असार १६ देखि १९ गतेसम्म आयोजना हुने 'विकासका लागि वित्तसम्बन्धी चौथो अन्तरराष्ट्रिय सम्मेलन'मा भाग लिन नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै प्रधानमन्त्री ओली त्यसतर्फ जान लागेका हुन् । उक्त जम्बो टोलीमा खानेपानी मन्त्री प्रदीप यादव पनि सहभागी हुँदैछन् ।

पछिल्ला दिन सरकारको चर्को आलोचना जारी छ । बजेटको विषयमा सत्तारुढ दलकै नेताहरूले चित्त बुझाएका छैनन् । भिजिट भिसामा सर्वसाधारणबाट रकम असुली प्रकरणमा टालटुले छानबिन समिति गठन गरेर सरकारले विपक्षीको मुखमा बुझो लगाउने कोशिश गरेको छ । सरकारले खासै उपलब्धिमुलक काम गर्न नसकेपनि विदेश भ्रमणमा भने रेकर्ड नै राख्ने देखिन्छ ।

गत सोमबार मात्र उर्जा मन्त्री दीपक खड्का चीन उडेका छन् भने भौतिक मन्त्री देबेन्द्र दाहाल टर्की पुगेका छन् । सांघाई को–अपरेसन अर्गनाइजेसन (एससिओ)ले चीनको झेजियाङ प्रान्तको निङ्बो सहरमा आयोजना गरेको पाँचौं ऊर्जामन्त्रीस्तरीय बैठकमा भाग लिन खड्का चीन पुगेका हुन् । यता दाहाल भने असार १३ देखि १५ गतेसम्म टर्कीमा आयोजित ग्लोबल ट्रान्सपोर्ट कनेक्टिभिटी फोरममा सहभागी हुन त्यता पुगेका हुन् ।

यही जुन २३ देखि सुरु भएको बैठक जुन २७ तारिखसम्म सञ्चालन हुनेछ । असार ३ गते मात्र खेलकुद मन्त्री तेजुलाल चौधरी युएईको दुबई पुगेर फर्किएका छन् । चौधरी एसिया क्षेत्रस्तरीय दुई दिने एन्टी डोपिङ बैठकमा भाग लिन त्यता पुगेका हुन् । असार पहिलो साता स्वास्थ्य मन्त्री प्रदीप पौडेल बैंकक पुगेर फर्किएका छन् । असार ९ देखि १३ गतेसम्म बैंककमा भएको कार्यक्रममा भाग लिन त्यता पुगेका थिए ।

कृषि तथा पशुपंक्षीमन्त्री रामनाथ अधिकारी पनि असारको पहिलो हप्ता नै बैंकक पुगेर फर्किसकेका छन् ।

⏭ क्रमशः पृष्ठ २ मा

## 'भ्रमण फजुल खर्चमात्र'

प्रधानमन्त्रीदेखि मन्त्रीहरू यसरी विदेश भ्रमणमा जाँदा कति खर्च हुन्छ ? मन्त्रिपरिषद्ले जनतालाई थाहा दिनुपर्ने हो । तर लर्को लागेर यसरी भ्रमणमा जाँदा हुने गरेका खर्च र उपलब्धिको कुनै विवरण उल्लेख गरेको पाइँदैन ।

आम जनता पार्टी (आजपा)का अध्यक्ष एवं पूर्व मन्त्री प्रभु साहले प्रधानमन्त्री केपी शर्मा ओलीको स्पेन भ्रमण मुलुकका लागि फजुल खर्चबाहेक अरू केही नभएको टिप्पणी गरेका छन् । वीरगञ्जमा बिहीबार आजपाले आयोजना गरेको पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै साहले प्रधानमन्त्रीदेखि र मन्त्रीहरूको विदेश भ्रमणको कुनै उपलब्धि नभएकाले लावालस्कर लागेर यसरी हिँड्नु जनताको करको चरम दुरूपयोग भएको टिप्पणी गरे । 'प्रधानमन्त्रीको स्पेन भ्रमण फजुल खर्चबाहेक केही उपलब्धि हुँदैन । गत वर्ष पनि बाढी/पहिरो आउने बेलामा उहाँ विदेशमा सयर गर्दै हुनुहुन्थ्यो, अहिले फेरि विदेश सयरमा निस्किँदै हुनुहुन्छ ।

⏭ क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

# श्रम क्षेत्रलाई व्यवस्थित गर्न सम्पूर्ण सेवा डिजिटलाइज्ड हुनुपर्छ : *श्रममन्त्री*

■ ममता थापा

**काठमाडौं–** श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीले श्रम क्षेत्रलाई व्यवस्थित गर्न सम्पूर्ण सेवा डिजिटलाइज्ड हुनुपर्ने बताएका छन् । बिहीबार ललितपुरमा कोरिया इन्टरनेसनल कर्पोरेसन एजेन्सी (कोइका)ले आयोजना गरेको 'हामी एप' सार्वजनिक एवम् आप्रवासन सम्मेलनको उद्घाटन कार्यक्रममा मन्त्री भण्डारीले श्रम क्षेत्रमा देखिएका समस्या समाधान गर्न सबै सेवा डिजिटलाइज्ड हुनुपर्नेमा जोड दिएका हुन् ।

उनले नेपाली श्रमिकले बगाएको पसिनाका कारण गन्तव्य मुलुकको विकास भएको उल्लेख गर्दै सम्मानित श्रम र सुरक्षित आप्रवासनलाई जोड दिए । मन्त्री भण्डारीले श्रमसम्बन्धी सही सूचनाको जानकारी दिन श्रम संसार लागू गरेको उल्लेख गर्दै अबको १० वर्षमा नेपालबाट बाध्यात्मक श्रमका लागि विदेश जाने अवस्थाको अन्त्य हुने बताए । 'सूचनाको अभावले धेरै मानिस प्रभावित भएका छन्, ठगीमा परेका छन्, यी कुरालाई ध्यानमा दिएर श्रमसंसार सञ्चालनमा ल्याएका छौं,' मन्त्री भण्डारीले भने, 'श्रमसम्बन्धी सम्पूर्ण कुराहरू राखेका छौं, मानिसको औंलामा नेपालको श्रम बजार छ, हामीले वैदेशिक रोजगार भन्दा बढी नेपालको आन्तरिक रोजगारीलाई प्राथमिकतामा राखेका छौं ।'

उनले नेपालीले कोरियाको १९६० को अनुभवलाई अंगीकार गरेर अगाडि बढ्नुपर्ने बताए । नेपालीले कोरियालाई आकर्षक गन्तव्यको रूपमा मान्ने गरेकोमा यसलाई व्यवस्थापन गर्न मन्त्री भण्डारीले आग्रह गरे । हामी एप नेपाली श्रमिकको अधिकार सुरक्षाका लागि एक महत्वपूर्ण उपकरण सावित हुने उनको दाबी थियो । मन्त्री भण्डारीले भने, 'सरकार सुरक्षित आप्रवासन र सफल पुनः एकीकरण सुनिश्चित गर्ने नीतिहरू विकास गर्न प्रतिबद्ध छ ।'

कार्यक्रममा नेपालका लागि गणतन्त्र कोरियाका राजदूत पार्क टे–यङले 'हामी' एपलाई नेपाल–कोरिया साझेदारीको प्रतीकको रूपमा व्याख्या गरे । उनले भने, 'माइग्रेन्ट श्रमिकको सम्पूर्ण यात्रामा साथ दिने 'हामी' एप कोरिया र नेपालको साझेदारीको प्रतीक हो । हामी श्रम आप्रवासनको क्षेत्रमा निरन्तर सहकार्य र साझेदारीको अपेक्षा गर्छौं ।'

कोरिया इन्टरनेसनल कोअपरेसन एजेन्सी र ह्युमन रिसोर्सेज डेभलपमेन्ट सर्भिस अफ कोरियाद्वारा संयुक्त रूपमा सञ्चालन गरिएको एप नेपाली श्रमिकलाई लक्षित गरी वैदेशिक रोजगारीलाई प्रवर्धन गर्ने तथा उनीहरू स्वदेश फर्किएपछि पुनः एकीकरण हुन सहयोग पुऱ्याउने उद्देश्यले सुरु गरिएको हो ।

⏭ क्रमशः पृष्ठ २ मा

**जिसिसी संवाद**

# श्रमिक पठाउने र लैजाने देशबीच विश्वास निर्माणमा जोड

■ प्रभाव संवाददाता

**काठमाडौं–** एसिया जिसिसी संवादले श्रम गतिशीलता सुधार गर्न, सुरक्षित, व्यवस्थित र नियमित आप्रवासनका लागि विश्वव्यापी सम्झौता (जिसिएम) प्रतिबद्धताको कार्यान्वयनका लागि व्यावहारिक पाटो पहिल्याउने प्लेटफर्म प्रदान गरेको अन्तर्राष्ट्रिय आप्रवासन संगठन (आइओएम)ले जनाएको छ । दुई दिने अन्तरक्रियात्मक कार्यक्रमको समापनपछि बिहीवार आइओएमले उक्त मञ्च प्रदान गरेको जनाएको हो ।

आइओएमले जारी गरेको विज्ञप्तीअनुसार यो छलफलले श्रमिक पठाउने र श्रमिक भित्र्याउने देशबीच विश्वास निर्माण गर्ने विषयमा जोड दिएको छ । कार्यक्रममा सहभागी नियमित आप्रवासन मार्गहरू विकास गर्ने, निष्पक्ष भर्ती र मर्यादित कामलाई प्रवर्द्धन गर्ने, सीप विकास र मान्यतालाई अगाडि बढाउने, आप्रवासी कल्याण र सामाजिक सुरक्षामा पहुँच बढाउने कुरामा केन्द्रित थियो ।

संवादले राष्ट्रिय र क्षेत्रीय कार्यहरू छलफल गर्दै २०२६मा हुने अन्तर्राष्ट्रिय आप्रवासन समीक्षा फोरम (आइएमआरएफ)को लागि तयारी गर्ने अवसर पनि प्रदान गरेको आइओएमले जनाएको छ । उक्त फोरममा आप्रवासन प्रतिवद्धताहरूमा विश्वव्यापी प्रगतिको समीक्षा गरिनेछ । यस कार्यक्रमबाट प्राप्त नीतिगत सिफारिसले २०२६को समीक्षामा योगदान पुऱ्याउने जनाइएको छ । जिसिएमले २०३० एजेन्डा अन्तर्गत राष्ट्रिय विकास प्राथमिकता र विश्वव्यापी प्रतिबद्धतासँग आप्रवासन प्रशासनलाई मिलाउन व्यावहारिक रोडम्याप प्रदान गरेको उल्लेख छ ।

एसिया–खाडी सहयोग परिषद् (जिसिसी) करिडोर विश्वको सबैभन्दा ठूलो श्रम आप्रवासन मार्गमध्ये एक हो । यसले दुवै क्षेत्रको अर्थतन्त्रलाई दिगो बनाउँछ । जिसिसी देशहरूमा २ करोड ५० लाखभन्दा बढी एसियाली आप्रवासी बसोबास र काम गरिरहेको तथ्याङ्क छ । यसर्थ आप्रवासन मार्गलाई सुदृढ पार्नु र आप्रवासी अधिकारको रक्षा गर्नमात्र नभई व्यापक सामाजिक लाभको लागि उनीहरूको सीपलाई उपयोग गर्न आवश्यक रहेको आइओएमले औंल्याएको छ ।

⏭ क्रमशः पृष्ठ २ मा

# विदेशमा रहेका नेपालीको सूचना संकलन गर्न 'श्रम संसार एप'






**काठमाडौं–** श्रम गन्तव्य मुलुकमा रहेका नेपालीको सूचना र विवरण संकलन गर्न 'श्रम संसार एप' सञ्चालानमा ल्याइएको छ । संसारभरका नेपाली डायस्पोराकै विवरण संकलन गर्न सक्ने गरी निर्माण गरिएको एप बिहीबार परराष्ट्र मन्त्री डा आरजु राणा देउवा र श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीको उपस्थितिमा सञ्चालनमा ल्याइएको हो ।

उक्त एपमा विदेशमा रहेका नेपालीले आफ्नो विवरण दर्ता गराएपछि यसमार्फत् कहाँ, कुन अवस्थामा र कति संख्यामा नेपाली रहेका छन् भन्ने बारेको सूचना प्राप्त गर्न सम्बद्ध देशका नेपाली मिसन तथा परराष्ट्र एवम् श्रम मन्त्रालयलाई गर्न सहज हुनेछ । विवरण प्राप्त भएपछि नेपाली नागरिक रहेका देशमा आवश्यक पर्ने कन्सुलर सेवा प्रदान गर्न तथा समस्यामा परेकाको तत्कालै उद्धार गर्नसमेत सहज हुनेछ ।

परराष्ट्र मन्त्री डा राणाले वैदेशिक रोजगारीका क्षेत्रमा रहेका कैयौं नेपाली सूचनाकै अभावका कारण ठगिएका, दुःख पाएका र विभिन्न समस्यामा परेका गुनासा मन्त्रालयमा आउने गरेकाले अब यो एप सञ्चालनमा आएपछि यसबाट प्राप्त विवरणका आधारमा उनीहरूलाई कन्सुलर सेवा प्रदान गर्न सजिलो हुने बताए ।

साथै श्रम स्वीकृति बेगर नै श्रम गन्तव्य देशमा पुगेर काम गरिरहेकालाई पनि सम्बद्ध देशको नेपाली दूतावासबाटै श्रम स्वीकृति दिनेगरी 'वैधानिकीकरण श्रम स्वीकृति' प्रदान गर्ने निर्णय भएकाले सहज हुने मन्त्री राणाले बताइन् । 'विशेषगरी श्रम स्वीकृति बिना नै विभिन्न देशमा पुगेका र हाल त्यहाँ काम गरिरहेकाका लागि उहाँहरूको संरक्षण, सुरक्षाका लागि यो 'वैधानिकीकरण श्रम स्वीकृति'को व्यवस्था सम्बन्धित दूतावासबाटै दिनेगरी व्यवस्था मिलाइएको हो । यसको अर्थ अवैध रूपमा जानेलाई प्रोत्साहन गरेको भने होइन,' राणाले भनिन् ।

मन्त्री राणाले मन्त्रालयले नेपाली डायस्पोराका समस्याको समाधानका लागि यसअघि पनि एक कार्यदल गठन गरी काम सुरु गरिएको जानकारी दिँदै पछिल्लो समयमा विशेष गरी श्रम गन्तव्यमा रहेका नेपालीका समस्या धेरै आउन थालेकाले उनीहरूको अवस्था र समस्या बुझ्न एप सञ्चालनमा ल्याइएको बताइन् । श्रममन्त्री भण्डारीले एप र वैधानिकीकरण श्रम स्वीकृतिको यस व्यवस्थाले वैदेशिक रोजगारीका क्षेत्रमा ठूलो राहात प्रदान गर्ने बताए ।

⏭ क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

### असारमा...

त्यसैगरी उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेल असार १० बाट १२ गतेसम्म चीन पुगेर फर्केका छन् । एसियाली पूर्वाधार बैंकको बैठकमा भाग लिन पौडेल त्यता पुगेका हुन् ।

परराष्ट्र मन्त्री आरजु राणा विदेश उडिरहने मन्त्रीको पहिलो नम्बरमा पर्छिन् । कहिले जापान त कहिले दिल्ली पुगिरहने मन्त्री राणा इटालीको रोममा असार १३ देखि २९ सम्म हुने कार्यक्रमका लागि शुक्रबार उतै उड्ने कार्यक्रम रहेको छ। यता जर्मनीको बोनमा हुने नेपाल डेमा सहभागी हुन महिला मन्त्री नवल किशोर सुडीले उडान अनुमति पाएका छन् । यसैगरी सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङ स्वीट्जरल्यान्डको जेनेभा जाँदैछन् । उनी असार २३ देखि २७ गतेसम्म जेनेभामा हुने सूचना प्रविधिसम्बन्धी सम्मेलनमा भाग लिन जेनेभा जान लागेका हुन् ।

■■■

### भ्रमण फजुल...

प्रधानमन्त्री र मन्त्रीहरूको विदेश भ्रमणको कुनै उपलब्धि हुँदैन, लावालस्कर लागेर यसरी हिँड्नु जनताको करको चरम दुरूपयोग हो,' आजपा अध्यक्ष साहले भने, 'युद्धरत देशमा फसेका आफ्ना नागरिक उद्धार गर्न भारत गुहार्नुपरेको छ, अनि हाम्रा नेतालाई किन विदेश जान दिने ?' बजेटको चरम दुरूपयोग गरिएको र जनताको करलाई नेताको भुँडी भराउने काम गरिएको समेत उनले बताए । सरकारपिच्छेको मनोमानी कर आतंकले नेपाली जनता, उद्योगी, व्यापारीको व्यापार व्यवसाय धराशायी बन्दै गइरहेको आजपा अध्यक्ष साहले बताए ।

■■■

### गैरकानुनी...

चन्दा ऐनमा चन्दा उठाउने व्यक्तिले चन्दा उठाउँदा चन्दादाताले दिएको चन्दाको रकमको अंक, अक्षर वा नाप, तौल, आश्वयकताअनुसार स्पष्ट खुलाइ तीनप्रति रसिदमा लेखी दस्तखत गर्नुपर्छ । तर, सिसाकलम वा अरु उड्ने मसीबाट लेख्न र दस्तखत गर्न हुँदैन ।

रास्वपाले डिजिटल भुक्तानी प्रणाली क्युआरमार्फत् चन्दा संकलन गरिरहेको छ । यसले गर्दा कानुनविपरीतको माध्यमबाट रास्वपाले चन्दा संकलन गरेको पनि फेला परेको हो । यसप्रति प्रश्न उठेको छ। साथै संकलित रकम कहाँ र कसरी खर्च गर्ने भन्ने प्रष्ट छैन ।

हाल रास्वपाले 'लिगल डिभेन्स फण्ड' बनाएको छ। पार्टी प्रवक्ता झाका अनुसार पार्टीका नेताहरूलाई आवश्यक परेका बेला कानुनी सहयोग गरिने छ। तर, कोष खडा गर्न कार्यविधि पनि बनाएको छैन । यसको जिम्मा सहकोषाध्यक्ष दीपक बोहरालाई दिइएको प्रवक्ता झाले बताए । बोहरा रविको पक्षमा हस्ताक्षर संकलन अभियानका संयोजकसमेत हुन् । उनले पार्टीको उपखाताका रूपमा ग्लोबल आईएमई बैंकमा खाता खोलिएको बताए । खातामा हस्ताक्षर भने कोषाध्यक्ष लिमा अधिकारी र सहकोषाध्यक्ष बोहोराको हस्ताक्षर चल्नेगरी बनाइएको जानकारी दिए ।

रवि भने सहकारी ठगी प्रकरणमा गत चैत २२ गते उच्च अदालत तुलसीपुरको बुटवल इजलासको थुनामा पठाउने आदेशपछि भैरहवा कारागारमा छन् । उनी केन्द्रीय कारागार डिल्लीबजार आउन चाहन्छन् । यसअघि उनले सरकारसँग याचना पनि गरे । तर, रास्वपाले भिजिट भिसा प्रकरणलाई लिएर गृहमन्त्री रमेश लेखकको राजीनामा मागेका छन् । बहालवाला न्यायाधीशको संयोजकतत्वमा छानबिन समिति गठनको माग गरेको छ । संसद्मा एक महिनादेखि अवरोध गर्दै आएको छ । यस्तोमा गृहमन्त्री लेखक आफूविरुद्ध रास्वपा लगातार संसदमा प्रस्तुत भइरहेपछि सोही दलका सभापति लामिछानेलाई अड्डासार गर्न सकारात्मक भएनन् ।

उच्च अदालत तुलसीपुरको बुटवल इजलासका न्यायाधीशद्वय रमेश ढकाल र स्वीकृति पराजुलीको संयुक्त इजलासले जिल्ला अदालत रूपन्देहीले धरौटीमा छाड्न भनेर दिएको आदेश बदर गर्दै रविलाई थुनामा पठाउने आदेश जारी गरेको थियो । सोही आदेशअनुसार रवि थुनामा पुगेका हुन् ।

यसअघि रूपन्देहीको बुटवलस्थित सुप्रिम सहकारी ठगी र संगठित अपराधको मुद्दामा रूपन्देही अदालतले रविलाई एक करोड धरौटीमा छाड्न आदेश दिएको थियो । सुप्रिममा रवि, छविलाल जोशी र जीबी राईसहित ४२ जनालाई प्रतिवादी बनाइएको थियो ।

■■■

### श्रम क्षेत्रलाई...

यस एपले पूर्व-प्रवास चरणमा श्रमिकको दृष्टिकोण निर्माण, वित्तीय साक्षरता तथा जीवन सुरक्षासम्बन्धी तालिम प्रदान गर्नेछ । प्रवासमा रहँदा एपमार्फत आवश्यक जानकारी तथा स्रोतहरूमा पहुँच पाउँछन् । साथै सप्ताहन्तमा आधारित सीप र उद्यमशीलता तालिममा सहभागी हुन सक्ने व्यवस्था मिलाइएको छ। स्वदेश फर्किएपछि पश्च-प्रवास चरणमा पुनः एकीकरणसम्बन्धी जानकारी, उद्यमशीलता तालिम र नयाँ व्यवसाय सुरु गर्न बीउ पूँजी जस्ता सहयोगहरू उपलब्ध गराइने बताइएको छ ।

■■■

### श्रमिक पठाउने...

नेपालको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र आइओएमको सहकार्यमा आयोजित यो संवाद २०२३मा आयोजित एसिया-जिसिसी वरिष्ठ अधिकारीहरूको बैठक र मध्य पूर्व र उत्तर अफ्रिका र एसिया र प्रशान्त क्षेत्रको दोस्रो जिसिएम क्षेत्रीय समीक्षामा आधारित छ । कार्यक्रममा नेपाल सरकार र आइओएमले सुरक्षित, अधिकारमा आधारित, र व्यवस्थित आप्रवासनलाई समर्थन गरेका छन् । आइओएमले सरकार र समाजको दृष्टिकोणमार्फत जिसिएम कार्यान्वयन गर्न सरकार र साझेदारहरूलाई समर्थन गरिरहने प्रतिबद्धता जनाएको छ ।

■■■

### विदेशमा रहेका...

उनले नेपाली को कहाँ र कति छन् भन्ने जानकारी मात्र नभएर कागजबिहीन भएर बसेका, सम्बन्धित श्रम गन्तव्यमा जाँदा श्रम स्वीकृति नलिएका तथा अन्य विविध कारणले समस्यामा परेर आफूले पाउने आधारभूत सेवा सुविधाबाट पनि बञ्चित भएका नेपाली श्रमिकलाई यसले ठूलो सहायता प्रदान गर्ने बताए ।

परराष्ट्र मन्त्रालय र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्वारा सञ्चालनमा ल्याइएको उक्त एपलाई सम्बद्ध देशका नेपाली राजदूतावासबाट अद्यावधिक गर्ने गरी व्यवस्था मिलाइएको छ। एपमा ती देशमा रहेका नेपालीले आफ्नो विवरण भने भर्नुपर्नेछ । *रासस*

■■■

# माल्दिभ्सका मेडिकल विद्यार्थीलाई नेपाल अध्ययन सम्झौता अन्तिम चरणमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले माल्दिभ्सका मेडिकल विद्यार्थीलाई नेपालमा अध्ययन गराउने सम्झौता अन्तिम चरणमा पुगेको जानकारी दिएको छ । स्वास्थ्यमन्त्री प्रदीप पौडेल र माल्दिभ्सका स्वास्थ्य राज्यमन्त्री अहमद गसिमबीच बैंककस्थित संयुक्त राष्ट्रसंघीय सम्मेलन केन्द्रमा भएको भेटवार्तामा माल्दिभ्सबाट प्राप्त मस्यौदामा नेपालका तर्फबाट सकारात्मक प्रगतिबारे जानकारी आादानप्रदान भएको मन्त्रालयको भनाइ छ ।

भेटमा मन्त्री पौडेलले मस्यौदा अन्तिम चरणमा रहेको र चाँडै सम्झौता गर्ने गरी गृहकार्य भइरहेको माल्दिभ्सका राज्यमन्त्रीलाई जानकारी दिएको उल्लेख गरिएको छ । उनले नेपालमा एमडी एमएसका अलावा एमबिबिएसमा माल्दिभ्सका विद्यार्थी स्वागत गर्न तयार रहेको भन्दै नेपालीलाई असर नपर्ने गरी बेग्लै कोटा राख्नेबारे आवश्यक परामर्श गरिरहेको र चाँडै निष्कर्षमा पुगिने बताए ।

मन्त्री पौडेलले माल्दिभ्समा नेपालीहरू काम गर्ने संख्या बढिरहेको तर उनीहरूले रकम घर पठाउन समस्या परेको बताए । प्रतिउत्तरमा माल्दिभ्सका स्वास्थ्य राज्यमन्त्रीले अर्थ मन्त्रालयसँग कुरा गरेर समाधान निकाल्ने बताए ।

नेपालले माल्दिभ्सका मेडिकल विद्यार्थी आकर्षित गर्न आवश्यक नीतिगत परिमार्जनको तयारी गरिरहेको छ । त्यहाँका स्वास्थ्य मन्त्रीसँग तीन महिना अघि इण्डोनेसियामा स्वास्थ्यमन्त्री पौडेलसँगको वार्तापछि जेनेभामासमेत यसबारे कुराकानी भएको थियो । मन्त्री पौडेलले विदेशी विद्यार्थीलाई नेपालमा मेडिकल शिक्षा दिने सम्बन्धमा सुझाव दिन कार्यदलसमेत गठन गरेर गृहकार्य थालेका थिए ।

त्यसयता माल्दिभ्सले पठाएको मस्यौदामा स्वास्थ्य मन्त्रालयले आवश्यक परिमार्जन गरेर सम्झौता गर्ने तयारी भइरहेको मन्त्री पौडेलको सचिवालयले जनाएको छ ।


### मोटरसाइकल हराएको सूचना

मिति २०८२।०१।२३ गते भक्तपुर, भक्तपुर न.पा-०१, सल्लाघारी स्थित पुल नजिक पार्किङ गरिराखेको रातो, कालो रङ्को Bajaj Pulsar मोटरसाइकल बिहानको अन्दाजी ६:३० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : माइला तामाङ**
**बाइक नं.: बा.प्र. ०२-०५७ प ३६४६**
**च्यासिस नं.: MD2A13FX7SCM81644**
**इन्जिन नं. : DKYCS13FX713450**
**ठेगाना : भक्तपुर, सुर्यविनायक न.पा-५, चुनदेवी**
**सम्पर्क: ९८५१०४१८४९**

### बिमालेख हरायो

मिति २०८२/०३/०३ गते धरानबाट धनकुटा बसमा जाने क्रममा मेरो निम्न व्यहोरा भएको **बिमालेख** हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**नाम : टीकाराम तामाङ**
**बिमालेख नं.: १०१११९००५**
**नेपाल लाइफ इन्स्योरेन्स कर्पोरेशन लि.**
**सम्पर्क नं : ९८०८७०५९१९**

### काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०८२/०३/१३**

यस सामुदायिक वन उपभोक्ता समूहबाट आ.व. ०८१/८२ मा ढलापडा रूखहरूबाट संकलन भएको साल, असना, चिलाउने जातको गोलिया ९८३.३३ क्यू.फि. काठ र दाउरा १.५० चट्टा तथा आ.व. ०८१/०८२ मा सालझण्डी सुगुरेढुङ्गा सडक आयोजना अन्तर्गत पर्ने रूखहरु कटान गर्दा उत्पादन भएको साल, असना, जामुन, चिलाउने गोलिया ६७६.८० क्यू.फि. काठ र साल दाउरा १ चट्टा, अन्य दाउरा ०.८४ चट्टा लिलाम विक्रि गर्नु परेकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । थप जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**श्री ठुलो चिउरी सा.व.उ.स.**, रैनादेवी छहरा-७ र ८, पाल्पा



### कतारमा रोजगार

कम्पनी : Taaqeem Tech For Services and Trading

पूर्व स्वीकृति मिति : २०८२/०३/१२ LT. No. 326248 चलानी नं. ६०२४०२०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Costomer Service | 3 | 0 | 1400 | ५२,८६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 2 | 0 | 1000 | ३७,७५९ | | | | | | | |
| 3 | Service Agents | 0 | 2 | 1000 | ३७,७५९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २० गते (4th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Green Tara International Overseas Services Pvt. Ltd.**
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com

### युएइमा रोजगार

कम्पनी : Royal Gardens Agricultural Contracting L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०३/१२ LT. No. 326263 चलानी नं. ६०२४०२०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Garden Worker | 45 | 0 | 1000 | ३७,२४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 65 | 0 | 1000 | ३७,२४७ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २० गते (4th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1723/081/082
**Sultan Gulf Oversease Pvt. Ltd.**
Tokha-10, Kathmandu, Tel: + 977-01-5922873, Mobile No.9851003623, 9857071474, Email: sultangulfoverseas1723@gmail.com

### युएइमा रोजगार

कम्पनी : POWER NINE GENERAL CONTRACTING - L.L.C - O.P.C

पूर्व स्वीकृति मिति : २०८२/०३/१२ LT. No. 326258 चलानी नं. ६०२४०२०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 47 | 0 | 1200 | ४४,६९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Worker/Factory Worker | 41 | 0 | 1200 | ४४,६९६ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २० गते (4th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**OZONE OVERSEAS SERVICE PVT. LTD.**
Airport, Kathmandu, Nepal, Tel No. 01-5918794, 9801041129
E-mail : info@ozoneoverseas.com, ozoneoverseasnepal@gmail.com, Web: www.ozoneoverseas.com
श्रम ईजाजत नं. ४४८/०६०/०६१

### कुवेतमा रोजगार

कम्पनी : Modern Design International Company For Building Construction

पूर्व स्वीकृति मिति : २०८१/१२/०३ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/१२ LT. No. 320521 चलानी नं. ६०२३४६९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CARPENTER GENERAL | 4 | 0 | 150 | ६७,१५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | CERAMIC WORKER | 5 | 0 | 150 | ६७,१५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २० गते (4th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

### ओमन/युएइमा रोजगार

कम्पनी : ALSOMU UNITED ENTERPRISES LLC

पूर्व स्वीकृति मिति : २०८२/०३/१२ LT. No. 326156 चलानी नं. ६०२४०१८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | cleaners / public building | 0 | 4 | 100 | ३५,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : TURGA ELECTROMECHANICAL WORKS LLC

पूर्व स्वीकृति मिति : २०८१/०५/१७ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/१२ LT. No. 309927 चलानी नं. ६०२२४६११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 6 | 0 | 1200 | ४४,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Mason | 6 | 0 | 1200 | ४४,६९५ | | | | | | | |
| 3 | Painter | 6 | 0 | 1200 | ४४,६९५ | | | | | | | |
| 4 | Steel Fixers | 4 | 0 | 1200 | ४४,६९५ | | | | | | | |
| 5 | TILE LAYER | 3 | 0 | 1200 | ४४,६९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २० गते (4th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं.८०१/०६५/०६६
**SWIFT H.R. GROUP AND MANAGEMENT SERVICE PVT.LTD.**
Samakhusi-26, Town Planning, Kathmandu, Nepal Tel: +977-01-4985275
Mobile: 9845198993, E-mail : swifthrgroup@gmail.com


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

शुक्रबार, १३ असार, २०८२

| | |
|---|---|
| **मेष** | सोचेको उपलब्धि तत्काल प्राप्त नहुने । |
| **वृष** | सम्भावना देखिए पनि समयमा काम नहुने। |
| **मिथुन** | कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ। |
| **कर्कट** | नयाँ कामको अवसर प्राप्त हुनसक्छ । |
| **सिंह** | सुखद समाचारले उत्साह जगाउनेछ । |
| **कन्या** | रोकिएका काम सम्पादन हुनेछ । |
| **तुला** | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ । |
| **वृश्चिक** | सानोतिनो समस्याले अल्झाउन सक्छ । |
| **धनु** | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । |
| **मकर** | मिहिनेत गर्दा आम्दानीको स्रोत फेला पर्ला । |
| **कुम्भ** | काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । |
| **मीन** | विवादास्पद कामको जिम्मेवारी आउनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१३ असार , २०८२ (२७ जुन, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३७.४३ | १३८.०३ |
| युरो | १ को | १५९.४९ | १६०.१८ |
| पाउन्ड स्टिर्लङ | १ को | १८७.०० | १८७.८२ |
| स्विस फ्रेन्क | १ को | १७०.३६ | १७१.१० |
| अस्ट्रेलियन डलर | १ को | ८९.२७ | ८९.६६ |
| क्यानाडियन डलर | १ को | १००.०७ | १००.५१ |
| सिङ्गापुर डलर | १ को | १०७.३२ | १०७.७९ |
| जापानी येन | १० को | ९.४३ | ९.४७ |
| चिनियाँ युआन | १ को | १९.१६ | १९.२४ |
| साउदी अरब रियाल | १ को | ३६.६४ | ३६.८० |
| कतारी रियाल | १ को | ३७.७० | ३७.८७ |
| थाई भाट | ख १ को | ४.२१ | ४.२३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.४२ | ३७.५८ |
| मलेसियन रिङेट | १ को | ३२.४२ | ३२.५७ |
| दक्षिण कोरियन वन | १०० को | १०.०८ | १०.१३ |
| स्विडिस क्रोनर | १ को | १४.४३ | १४.४९ |
| डेनिस क्रोनर | १ को | २१.३८ | २१.४७ |
| हङकङ डलर | १ को | १७.५१ | १७.५८ |
| कुवेती दिनार | १ को | ४४९.३४ | ४५१.३० |
| बहराइन दिनार | १ को | ३६४.३९ | ३६५.९८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# विपद्को प्रतिकार्यका लागि सरकार तयारी अवस्थामा : गृहमन्त्री लेखक



**काठमाडौं–** गृहमन्त्री रमेश लेखकले सम्भावित विपद्को पूर्वतयारी र प्रतिकार्यका लागि सरकार तयारी अवस्थामा रहेको बताएका छन् । प्रतिनिधिसभाको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको बिहीबारको बैठकमा उनले सो कुरा बताएका हुन् ।

मनसुन सुरुभएसँगै जुनसुकै बेला पनि विपद् आउनसक्छ भन्ने आकलनका साथ सरकार पूर्वतयारी र प्रतिकार्यका लागि जुटेको उनले बताए । गृह मन्त्रालय मनसुनको समयमा बाढी, पहिरो, डुबान र सडक अवरोध हुनसक्ने सम्भावित विपद्को सुरक्षा निकायमार्फत पूर्वतयारी अवस्थामा रहेको मन्त्री लेखकको भनाइ छ। उद्धारका लागि हेलिकप्टरकोसमेत व्यवस्था गरिएको उनले जानकारी दिए ।

मन्त्री लेखकले भने, 'यसबाहेक मन्त्रालय मातहत सबै प्रदेशमा रहेका आपत्कालीन मानवीय सहायता केन्द्रलाई विपद् उद्धारलाई प्रभावकारी बनाउन प्रदेश सरकारलाई हस्तान्तरण गरिएको छ । यस्ता केन्द्र स्थानीयस्तरमा विस्तार गर्न स्थानीय सरकारलाई आग्रह गर्दछु ।'

बैठकमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी अधिकृत दिनेशप्रसाद भट्टले विपद्को पूर्वतयारीका बारेमा जानकारी गराउँदै उद्धारमा स्थानीयको सहयोगको ठूलो भूमिका हुने उल्लेख गरे । जल तथा मौसम विज्ञान विभागका महानिर्देशक कमलराम जोशीले यस वर्षको मौसम पूर्वानुमानबारे जानकारी गराउँदै यस वर्ष सरदरभन्दा बढी वर्षा हुने बताए ।

समिति सभापति कुशुमदेवी थापाले विपद् व्यवस्थापन र उद्धारमा गरिएको तयारीकाबारेमा समितिलाई अवगत गराउन र विगतबाट सिकेर थप प्रभावकारिताका साथ लाग्न मन्त्रालयलगायत सरोकारवाला निकायलाई आग्रह गरेकी थिइन् । समितिका सदस्यहरू ले मनसुनबाट हुने विपद्को पूर्वतयारीमा गर्नुपर्ने काम र उद्धारको व्यवस्थाका लागि विभिन्न सुझाव दिएका थिए ।

# मानव–हात्ती द्वन्द्व न्यूनीकरण गर्न वन मन्त्रालयको पहल

■ भीष्मराज ओझा

**काठमाडौं–** वन तथा वातावरण मन्त्रालयले पूर्वी तराई क्षेत्रमा बढ्दो मानव-हात्ती द्वन्द्व न्यूनीकरणका लागि तत्काल प्रभावकारी परियोजना निर्माण गरी कार्यान्वयन गर्ने भएको छ । त्यसका लागि साझा धारणा बनाउन मन्त्रालयले बुधबार सम्बन्धित विकास साझेदार संस्थासँग अन्तरक्रिया गरी सुझाव संकलन गरेको छ । साझेदार संस्थाको सहयोग र समन्वयमा आधुनिक प्रविधिका साथ स्थानीय सहभागितामा परियोजना बनाई तत्काल कार्यान्वयन गरिने बताइएको छ ।

वनमन्त्री ऐनबहादुर शाही ठकुरीले पछिल्लो समय हात्तीका कारण मानवीय, कृषि पशु तथा बाली र घरगोठमा क्षति हुने क्रम बढेकाले समाधानका लागि सरोकारवालासँग साझा धारणा बनाई अघि बढ्ने बताए । उनले भने, 'मानव-हात्ती द्वन्द्व न्यूनीकरणका लागि तत्कालीन र दीर्घकालीन योजना बनाएर तत्काल कार्यान्वयन गर्नेगरी अघि बढ्छौं । साथै हात्तीबाट हुने क्षतिमा राहत दिने कार्यविधिलाई पनि अझ सहज र सरल बनाउँदैछौं ।'

सन् २००० देखि हालसम्म हात्तीको आक्रमणबाट नेपालमा ३४५ जनाको मृत्यु भएको छ भने मानिसको आक्रमणबाट तथा करण्ट लागेर ५५ हात्ती मरेका छन् । यसबाहेक हरेक वर्ष हात्तीबाट हुने कृषि पशु तथा बाली र घरगोठको क्षतिको परिणाम ठूलो छ । वन राज्यमन्त्री रूपा विकले हात्तीको क्षतिबाट गरिब समुदाय बढी प्रभावित हुने गरेको उल्लेख गर्दै मानव-हात्ती द्वन्द्व न्यूनीकरणको विषय अब वन मन्त्रालयको मात्र नभई अन्य मन्त्रालय र सबै तहका सरकारको चासोको विषय बन्नुपर्ने उल्लेख गरिन् ।

> सन् २००० देखि हालसम्म हात्तीको आक्रमणबाट नेपालमा ३४५ जनाको मृत्यु भएको छ भने मानिसको आक्रमणबाट तथा करण्ट लागेर ५५ हात्ती मरेका छन् । यसबाहेक हरेक वर्ष हात्तीबाट हुने कृषि पशु तथा बाली र घरगोठको क्षतिको परिणाम ठूलो छ ।

मन्त्रालयका सहसचिव बुद्धिसागर पौडेलले पछिल्लो समय मानव-हात्ती द्वन्द्व भयावह बन्दै गएको उल्लेख गर्दै समाधानका लागि शिक्षा र चेतनाका साथै स्थानीय जनताले वैकल्पिक खेतीका बारेमासमेत सोच्नुपर्नेमा जोड दिए । उनले प्रभावित मानिसमा बदलाको भावना कम गर्न राहतसम्बन्धी निर्देशिकालाई सरल बनाइने जानकारी दिए ।

पछिल्लो तथ्यांकानुसार हाल नेपालमा २३० जंगली हात्ती र सरकारी तथा निजीरूपमा पालिएका १८० हात्ती रहेका छन् । अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघ नेपालका राष्ट्रिय प्रतिनिधि डा. नरेन्द्रमानबाबु प्रधानले सचेतनामार्फत स्थानीयको व्यवहार प्रतिवर्तन गर्न सकेमात्र पनि हात्तीका कारण हुने मानवीय क्षति ७० प्रतिशतसम्म कम गर्न सकिने तर्क गरे । उनले भने, 'मानिसको व्यवहार परिवर्तन गर्न सकिन्छ तर हात्तीको व्यवहार परिवर्तन गर्न सकिँदैन ।'

विश्व वन्यजन्तु कोष नेपालका राष्ट्रिय प्रतिनिधि डा. घनश्याम गुरुङले भारतीय सीमाबाट आउने हात्तीका कारण पनि क्षति हुने गरेको उल्लेख गर्दै यस सम्बन्धमा भारतसँग समन्वय गरी काम गर्नुपर्ने सुझाव दिए । उनले भने, 'मानव-हात्ती द्वन्द्व समाधानको विषयलाई दिगो र प्रभावकारी बनाउन वन मन्त्रालयको मात्र नभई राजनीतिक एजेण्डा बनाउनुपर्छ ।'

राष्ट्रिय प्रकृति संरक्षण कोषका सदस्यसचिव डा. नरेश सुवेदीले हात्तीको आक्रमणबाट बच्न पछिल्लो समय सुरु गरिएको फेन्सिङ तार प्रविधि प्रभावकारी बनेको उल्लेख गर्दै स्थलमा खटिने कर्मचारीलाई स्रोत र सवारीसाधनले चुस्त बनाउनुपर्ने सुझाव दिए ।

'द जिओलोजिकल सोसाइटी अफ लण्डन नेपाल'का राष्ट्रिय प्रतिनिधि डा. भगवान दाहालले हात्तीको रुट पहिचान गरी सो क्षेत्रमा हुने मानवीय क्षति कम गर्न सकिने बताए । साथै उनले प्रविधिको प्रयोग गरेर तथा वैकल्पिक खेती गरेर हात्तीबाट हुने क्षति कम गर्न सकिने सुझाव दिए ।

संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठन नेपालका जलवायु परिवर्तनविज्ञ डा. शालु अधिकारीले आफूहरूले कृषकलाई बिमा सुविधा दिने कार्यमा सहयोग गर्दै आएको अवगत गराउँदै यसबाट दिगो वन्यजन्तु व्यवस्थापनका लागि काम गर्न सकिने बताए । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका वरिष्ठ इकोलोजिस्ट हरिभद्र आचार्यले मानव-हात्ती द्वन्द्वसम्बन्धी प्रस्तुति गर्दै नेपालका पूर्वी तराई क्षेत्रमा भाले हात्तीको संख्या धेरै भएकाले तुलनात्मक बढी क्षति हुने गरेको बताए । साथै बर्दिया क्षेत्रमा पोथी हात्तीको संख्या धेरै भएकाले तुलनात्मक कम क्षति हुने गरेको बताए ।

मानव-हात्ती द्वन्द्वबाट हुने क्षतिको अवस्था हेर्दा संरक्षण क्षेत्रभित्र र बाहिर बराबरी देखिन्छ भने मुख्य भित्री क्षेत्रमा खासै क्षति भएको देखिँदैन । मन्त्रालयले मानव-हात्ती द्वन्द्व न्यूनीकरणका लागि हालसम्म क्षति पुर्‍याउने हात्तीलाई सुरक्षित स्थानमा प्रवेश गराउने, उद्धार र उपचार, क्षतिका लागि राहतको व्यवस्था, सचेतना कार्यक्रम, फेन्सिङ तारबार, मृतकका परिवारलाई रोजगार र छात्रवृत्ति, वैकल्पिक खेतीको प्रोत्साहनलगायत काम गर्दै आएको छ । *रासस*

# काठमाडौंमा वर्षाका कारण यसपाली फोहोर नरोकिने

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले वर्षात्का कारण विगतका वर्षमा जस्तो यस वर्ष फोहोर व्यवस्थापनमा समस्या नहुने जनाएको छ । वर्षाको समय सुरू भएसँगै विगतका वर्षमा नागरिकले लामो समयसम्म फोहोर व्यवस्थापन नहुँदा निकै समस्या भोग्नुपरेको थियो ।

यस वर्ष भने महानगरले वर्षायाम सुरू भएसँगै फोहोर व्यवस्थापनका लागि विगतका वर्षमा हुने समस्या समाधान भइसकेकाले सहज हुने जनाएको छ । वातावरण व्यवस्थापन विभागका प्रमुख सरिता राईका अनुसार विगतका वर्षमा पटक-पटक समस्या आउने तीन पिप्लेदेखि अन्तिम फोहोर वयवस्थापनस्थल बञ्चरेडाँडासम्मको सडक मर्मतको काम भइसकेकाले फोहोर व्यवस्थापनका लागि सहज हुने छ ।

उनले भनिन्, 'विगतमा फोहोर व्यवस्थापन गरिँदै आएको स्थान सिसडोलमा पनि विगतको फोहोरलाई (क्यापिङ) माटोले छोपेर मिलाउने काम गरिसकेको र सडक मर्मतको काम पनि भइसकेकाले फोहोरकै कारण नागरिकले सास्ती खेप्नु पर्दैन ।' राईका अनुसार तीन पिप्लेदेखि सिसडोलसम्म केही स्थानमा पहिरो जाने गरेकामा ती स्थानमा पर्खाल निर्माण गरिएकाले नियमित पानी परे पनि समस्या हुँदैन ।




महानगरका कूल ३२ वडामध्ये भित्री नौ वडाबाहेक अन्यमा निजी कम्पनीको सहकार्यमा फोहोर व्यवस्थापन हुँदै आएको छ । हरेक दिन उपत्यकाबाट एक हजार ६०० मेट्रिकटन फोहोर बञ्चरेडाँडामा व्यवस्थापन हुँदै आएको छ । काठमाडौं उपत्यकाका १८ स्थानीय तहमध्ये सबैभन्दा बढी महानगरको ५०० मेट्रिक टन बञ्चरेडाँडा लग्ने गरिएको छ । निजी क्षेत्रबाट व्यवस्थापन हुने र महानगरको गरी दैनिक कम्तीमा २०० गाडीले फोहोर ओसार्ने गरेको छ ।

सुरूमा गोकर्ण, सिसडोलहुँदै अहिले बञ्चरेडाँडामा फोहोरको अन्तिम व्यवस्थापन हुँदै आएको छ । वि.सं. २०६८ मा सरकारले जारी गरेको फोहोरमैला व्यवस्थापन ऐन र २०७७ मा महानगरले जारी गरेको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐनबमोजिम सहरी सरसफाइ र स्वच्छताका लागि फोहोरलाई स्रोतमै छुटयाउने दायित्व उत्पादकको हुने कानुनी व्यवस्था छ। यसअनुसार उत्पादकले भान्सामा जैविक र अजैविक फोहोरलाई छुट्टाछुट्टै भाँडामा राख्नुपर्ने हुन्छ। पछिल्लो समय महानगरले बञ्चरेडाँडामा लग्ने फोहोर घटाउनका लागि ३२ वडालाई छ क्षेत्रमा निर्धारण गरेर फोहोर वर्गीकरणको काम गरिरहेको छ ।

# उदयपुरका आठ पालिकाको बजेट छ अर्ब ६२ करोड

**उदयपुर (प्रस)-** यहाँका आठ पालिकाले आर्थिक वर्ष २०८२/८३ का लागि छ अर्ब ६२ करोड रूपैायँबराबरको बजेट प्रस्तुत गरेका छन् । जिल्लाका चार नगरपालिका र चार गाउँपालिकाले आ-आफ्नो गाउँ/नगरसभामा उक्त बजेट प्रस्तुत गरेका हुन् ।

सबैभन्दा धेरै बजेट त्रियुगा नगरपालिकाले ल्याएको छ भने थोरै बजेट ताप्ली गाउँपालिकाले ल्याएको छ । त्रियुगा नगरपालिकाले एक अर्ब ५३ करोड ३४ लाख ५१ हजार रूपैयाँबराबरको बजेट ल्याएको छ । चौदण्डीगढी नगरपालिकाले एक अर्ब १३ करोड ३५ लाख ४१ हजार रूपैयाँ बराबरको बजेट ल्याएको जनाइएको छ ।

कटारी नगरपालिकाले ८७ करोड ६५ लाख तीन हजार रूपैयाँबराबरको बजेट ल्याएको छ । बेलका नगरपालिकाले प्रस्तुत गरेको बजेट ७७ करोड २६ लाख ४१ हजार रूपैयाँ बराबरको छ ।

चार गाउँपालिकामा उदयपुरगढी गाउँपालिकाले ६८ करोड ४० लाख पाँच हजार रूपैयाँबराबरको बजेट ल्याएको छ । रौतामाई गाउँपालिकाले ६६ करोड ९९ लाख ६१ हजार रूपैयाँ, लिम्चुङबुङ गाउँपालिकाले ४३ करोड १० लाख आठ हजार रूपैयाँ र ताप्ली गाउँपालिकाले ४१ करोड ७३ लाख ५५ हजार रूपैयाँबराबरको बजेट ल्याएका छन् । कृषि, भौतिक पूर्वाधार, स्वास्थ्य र शिक्षा तथा आन्तरिक पर्यटन र स्थानीय युवाका लागि स्वरोजगारसहितको बजेट ल्याएको त्रियुगाका नगरप्रमुख वसन्तकुमार बस्नेत र बेलकाका प्रमुख अशोक कार्कीले बताए । जिल्लाका पहाडी क्षेत्रका गाउँपालिकामा भौतिक पूर्वाधार र कृषिलाई बढी जोड दिनेगरी बजेट ल्याइएको रौतामाई गाउँपालिकाका अध्यक्ष वीरेन्द्र मगरले बताए ।



## शिलबन्दी दरभाउ प्रक्रियाबाट वन पैदावार विक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/०३/१३ गते**

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार उत्पादन भई आ.व. २०८०/०८१ मा मौज्दात रहेको आपुती तर्फको काठ दाउरा वन पैदावार आपुती समिती, बाँकेको को च. नं. १५८ मिती २०८२/०३/०१ गतेको काठ दाउरा फिर्ता गरि नियमानुसार लिलाम बढावढ गर्ने सहमती पत्र बमोजिम समुहको घाटगद्दीमा रहेको साल जातको गोलिया थान २११ को १३७७.७३ क्यू.फिट काठ र साललगायत अन्य प्रजातीको ५/५ चट्टा दाउरा हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक वन पैदावारको लिलाम बिक्री प्रक्रियामा भाग लिनको लागि सार्वजनिक खरिद ऐन र नियमावलीमा व्यवस्था भए बमोजिम मूल्य अभिवृद्धी करमा दर्ता भई नविकरण भएका र डिभिजन वन कार्यालयमा सुचिकृत भएका काष्ठ व्यवसायी, व्यक्ती, संघसंस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१औं दिनभित्र बोलपत्र खरिद गरी २२औं दिनमा अपरान्ह १२:०० बजेभित्र सिलबन्दि बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको व्यहोरा सम्बन्धित सबैलाई अनुरोध छ ।

**श्री लालिगुराँश सामुदायिक वन उपभोक्ता समुह**
राप्ती सोनारी- ०२, बाँके





## कनकाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**जमुनबारी झापा, कोशी प्रदेश, नेपाल**

**फोनः ०२३-४०११५५, इमेलः** kanakai.mun@gmail.com

## आन्तरिक आयको विद्युतीय बोलपत्र आह्वानको सूचना तथा जानकारी

**दोस्रो पटक सूचना प्रकाशित मितिः २०८२/०३/१३**

**तपशिलः**

१. कनकाई नगरपालिका अन्तर्गत आ.व. २०८२/८३ को आन्तरिक आय संकलन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि २०७५ को दफा १२ को (झ) खण्ड (ज) बमोजिम बोलपत्रको माध्यमबाट योग्य फर्म/कम्पनी छनौट गर्नुपर्ने भएको हुनाले तपसिल कार्यको लागि इच्छुक सम्पूर्ण कम्पनी/फर्मको जानकारीको लागि विद्युतीय बोलपत्र आह्वानको दोस्रो पटक सूचना प्रकशित गरिएकोछ । बोलपत्र सम्बन्धी मूख्य विवरण तपशिल बमोजिम रहेको छ ।

| क्र. स. | सम्झौता संकेत नं.: | कार्य तथा अन्तरिक आय संकलन क्षेत्र | आ.व. २०८२/८३ को लागि न्यूनतम रकम मू.अ.क सहित (रू.) | बोलपत्र पेश गर्ने अन्तिम मिति तथा समय | बोलपत्र फाराम शुल्क | बोलपत्रको मान्यहुने अवधी | बोलपत्र जमानत रकम (बैंक जमानत वा धरौटी खातामा नगद जम्मा) | बोलपत्र जमानतको मान्य हुने न्यूनतम अवधि |
|---|---|---|---|---|---|---|---|---|
| १. | KANAKAI/IR/SQ/2082/83-01 | सूरूङ्गा बजार (पशु बजार समेत) तथा कनकाई नगर क्षेत्रभित्र कवाडी, जडीवुटी र जिवजन्तुको व्यवसायिक उपयोग कर ठेक्का | १४,००,०००।- | २०८२ असार २० गते, मध्यान्ह १२:०० बजे | रू. १,००० | ४५ दिन | कबोल रकमको न्यूनतम ५ प्रतिशत | ७५ दिन |

२. उल्लेखित कार्यसँग सम्बन्धित थप जानकारी यस नगरपालिकाबाट प्राप्त गर्न सकिने छ। बोलपत्र सम्बन्धी फारम तथा विस्तृत विवरण सार्वजनिक खरिद अनुगमन कार्यालयद्वारा संचालित विद्युतीय खरिद प्रणाली (https://bolpatra.gov.np/egp/) मा उपलब्ध छ ।

३. बोलपत्र फाराम शुल्क (बोलपत्र दस्तुर) यस नगरपालिकाको नाममा नेपाल बैंक लिमिटेड सुरूङ्गामा रहेको आन्तरिक राजस्व खाता नम्बर १४७०३०००००१००१००००००१ मा जम्मा गरी बुझिने गरी भौचर स्क्यान गरी संलग्न/अपलोड गर्नु पर्नेछ ।

४. इच्छुक बोलपत्र दाताले माथि उल्लेखित मिति र समयभित्र सार्वजनिक खरिद अनुगमन कार्यालयद्वारा संचालित विद्युतीय खरिद प्रणाली (https://bolpatra.gov.np/egp/) मार्फत बोलपत्र पेश गर्नु पर्नेछ ।

५. तोकिएको मिति र समयभित्र प्राप्त भएका बोलपत्र पेश गर्ने अन्तिम मिति र समय पश्चात १५ मिनेटको अन्तरालमा क्रमशः उपस्थित हुन चाहने बोलपत्रदाताका प्रतिनिधिहरूको रोहवरमा यस नगरपालिकाको कार्यालयमा खोलिनेछ तर बोलपत्रदाताका प्रतिनिधिको उपस्थिति नभए पनि प्राप्त्र भएका बोलपत्रहरु खोल्न कुनै बाधा पर्ने छैन ।

६. बोलपत्रको मान्य हुने अवधी बोलपत्र खोलिएको दिन देखि गणना हुनेछ ।

७. बोलपत्र साथ माथिको तालिकामा उल्लेख भए बमोजिम बोलपत्र जमानत पेश गर्नु पर्नेछ र उक्त बोलपत्र जमानतको मान्य हुने अवधि बोलपत्रको मान्य हुने अवधि भन्दा कम्तिमा ३० दिन बढी अवधि सम्मको हुनु पर्नेछ ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### बजेट समयसीमामै ल्याउने बानी बसालौं

देशभरका ३९ स्थानीय सरकारले आगामी आर्थिक वर्षको बजेट कानुनले तोकेबमोजिमको समयमा ल्याउन सकेनन् । यसरी बजेट ल्याउन नसक्नेमा बालेन्द्र साह 'बालेन' नेतृत्वको काठमाडौं महानगरपालिकादेखि हर्क साम्पाङ नेतृत्वको धरान उपमहानगरपालिकासम्म परेका छन् ।

अघिल्लो वर्ष यसरी समयमै बजेट नल्याउने स्थानीय सरकारको संख्या यस वर्षभन्दा बढी थियो । यस वर्ष मधेस प्रदेशका १६ स्थानीय तहले बजेट ल्याउन सकेन । बागमती प्रदेशमा काठमाडौं महानगरपालिका, नुवाकोटको विदुर नगरपालिका, काभ्रेको पनौती नगरपालिका र चितवनको राप्ती नगरपालिका छन् । लुम्बिनीमा रूपन्देहीको लुम्बिनी सांस्कृतिक नगरपालिका र सिद्धार्थनगर नगरपालिकामा बजेट सार्वजनिक भएको छैन । कर्णालीमा डोल्पाको सिद्धार्थनगर नगरपालिकामा बजेट आएन ।

कार्यतालिकाअनुसार नचल्दा हरेक क्षेत्रमा समस्या निम्तिन सक्छ । स्थानीय सरकारमा आर्थिक विधेयक पारित नभएसम्म खर्च र आम्दानीका सबै फरफराक रोकिन्छ । यसले नागरिकलाई अप्ठ्यारो पार्छ । अझ साउनअघि बजेट पारित नहुँदा स्थानीय तहबाट हुने भौतिक निर्माण, खरिद, तालिम तथा भ्रमण अवलोकनजस्ता कार्यक्रम पनि रोकिन्छ । बजेट समयमा पारित नगरेर 'बजेट होलिडे' अर्थात् खर्च गर्न नसक्ने अवस्था हरेक वर्ष कयौं स्थानीय सरकारमा देखिने क्रम रोकिएको छैन । दलीय टकराव, व्यक्तिगत टकरावका कारण बजेट रोकिएको देखिन्छ ।

यसरी बजेट रोकिँदा नियमित कार्यक्रमहरू त रोकिन्छन् नै । यसको दीर्घकालीन असरहरू पनि छन् । तोकिएको समय र अनुशासनमा नचल्ने स्थानीय सरकारले प्रदेश र संघबाट अनुदान प्राप्त गर्न सक्दैनन् । वित्तिय अनुशासन उल्लंघन गर्दै जाँदा स्थानीय सरकारलाई चौतर्फी घाटा हुन जान्छ । लेखापरीक्षणमा असफल हुने, तोकिएको समयमा कार्यक्रमहरू सञ्चालन गर्न नसक्ने, विकासमा ढिलासुस्ती हुनेजस्ता समस्या सिर्जना हुन्छन् । यसले गर्दा सर्वसाधारण र कर्मचारीमासमेत निराशा पैदा हुने गर्छ ।

स्थानीय तह संघीयताको जग हो । वित्तिय अनुशासनमा स्थानीय तह जति बलियो भयो संघीयता पनि उत्तिकै बलियो भएर जान्छ । समयमा बजेट नल्याउँदा स्थानीय तहले सोचेको कर उठाउन सक्दैन । सोचेका कार्ययोजना पुरा गर्न सक्दैन । हरेक विषयमा बेरुजु देखिन सक्छ । त्यसैले अबका दिनमा स्थानीय तहले यी विषयलाई मध्यनजर गर्दै वित्तिय अनुशासन कायम गर्दै तोकिएको समयसीमाभित्रै बजेट ल्याउने बानी बसालौं ।

## श्रम सरोकार

### विदेशमा रहँदा भुल्नै नहुने पाँच कुरा

#### १) कसैको प्रलोभनमा नफसौं

धेरै तलब दिने वा अन्य राम्रो काम सुविधा दिने प्रलोभनमा दलालहरूले गन्तव्य मुलुकका कम्पनी वा वासस्थानमासमेत पुगेर फकाउन सक्छन् । आधिकारिक भिसा रहेको ठाउँभन्दा अन्यत्र काम गर्नु गैरकानुनी हो । कानुनी हैसियत गुमाएपछि सधैंभरि खतरामा काम गर्नुपर्छ र दलालले गैरकानुनी काममा लगाएर फसाउन पनि सक्छ । फर्किनुअघि जेल, नेल जरिवानासहित देश निकालाको अपमान साथै कुटाइ खानुपर्छ ।

#### २) धार्मिक तथा स्थानीय कानुनको पालना गरौं

सम्बन्धित देशमा पुगेर कुनै गल्ती गरेर कानुन थाहा थिएन भनेर उम्किन पाइन्न । स्थानीय धार्मिक, सामाजिक तथा राष्ट्रियताका विषयमा सधैं जानकार र सकारात्मक हुनुपर्छ ।

#### ३) आफ्नो सुरक्षामा ध्यान दिऔं

आफ्नो स्वास्थ्य र सुरक्षाको ख्याल आफैंले राख्नुपर्छ । काम गर्दाको बखत, बाटो हिँड्दा, पौडी वा अन्य यस्तै कामको जोखिमबारे सधैं सचेत रहनुपर्छ । कतिपय मुलुकहरूमा जेब्रा क्रसिङभन्दा अन्यत्रबाट बाटो काट्दा पैदलयात्रीले समेत जरिवाना तिर्नुपर्ने हुसक्छ । याद गरौं- कारखानामा काम गर्दा त्यहाँ प्रयोग हुने मेसिनको सोच्ने शक्ति हुँदैन, तपाईंको आफ्नै दिमागले सोचेर होसियारी अपनाउनुपर्छ ।

#### ४) काममा लगनशील बनौं

आफ्नो सुपरभाइजरका कुरालाई अवलम्बन गर्नैपर्छ । उसको कुरालाई बेवास्ता गरेमा माथिल्लो निकायमा सामान्यतयाः कुनै सुनुवाइ गर्दैन । अति नै भएमा मात्र दूतावास, वैदेशिक रोजगार विभाग वा अन्य सहयोगी संस्थाबाट सहयोग लिने बानी गर्नुपर्छ । याद गरौं- रोजगारदाताले तपाईंलाई श्रमको मूल्य तिरेको हुन्छ ।

#### ५) आवश्यक सम्पर्क नम्बर सुरक्षित राखौं

दूतावास, त्यहाँस्थित विभिन्न सामाजिक संस्था, नेपालस्थित रोजगार तथा सरकारी निकाय र आफू गएको वैदेशिक रोजगार संस्था तथा सहयोगी संस्थाका सम्पर्क टेलिफोन तथा ठेगाना सधैंभरि साथमा राख्नुपर्छ । स्थानीय कानुन तथा अन्य विषयमा जानकार व्यक्तिहरूसँग निकट रहनुपर्छ । यसो गर्दा आकस्मिकरूपमा आउने समस्याहरू समाधानमा सहजता हुने छ ।

# वर्तमान कर प्रणालीमा सुधारको आवश्यकता



■ गम्भीरबहादुर हाडा

> कर प्रणालीलाई लगानीमैत्री वातावरण बनाउने संयन्त्रको रूपमा विकास गर्ने, स्वच्छ, तटस्थ एवं पारदर्शी कर प्रणालीको विकास तथा स्वेच्छिक कर सहभागिता अभिवृद्धि गर्नुपर्छ । कूल गार्हस्थ उत्पादनसँग कर राजस्वको अनुपात बढाउने, संघीय संरचनाअनुसार राजस्व संरचनाको निर्माण गर्ने, करको आधार र दायरा विस्तार गर्ने, करको दायरालाई पारदर्शी एवं समन्यायिक बनाउनु आवश्यक छ । संघीय संरचना अनुकूल कर तथा गैरकरका क्षेत्रहरूको पुनरावलोकन गर्ने, कर प्रणालीलाई लगानी तथा व्यवसायमैत्री बनाउने, जोखिम व्यवस्थापन गर्ने कर प्रशासनको सबलीकरण गर्ने, सबै किसिमका करसम्बन्धी विवरणहरू विद्युतीय प्रणालीमार्फत पेस गर्ने व्यवस्था मिलाउनु जरुरी छ ।

साधारणतया जनताबाट सरकारलाई प्राप्त हुने आयलाई नै हामी सार्वजनिक आय भन्दछौं । आर्थिक, सामाजिक तथा अन्य प्रकारका आफ्नो कार्यहरूलाई नियमित सञ्चालनका लागि प्रत्येक देशको सरकारलाई निकै मात्रामा धनको आवश्यकता हुन्छ जुन सार्वजनिक आयका विभिन्न साधनहरूद्वारा प्राप्त गरिन्छ । सरकारले विभिन्न साधनहरूबाट जुन आय प्राप्त गर्दछ त्यसलाई सार्वजनिक आय भनिन्छ ।

नेपाल एउटा विकासोन्मुख राष्ट्र भएकोले देशको सीमित साधनलाई कसरी प्रभावपूर्ण ढंगले सदुपयोग गर्ने अथवा कसरी दक्षतापूर्वक वित्त सञ्चालन गर्ने भन्ने प्रश्न बढी महत्त्वपूर्ण हुन्छ । देशको आर्थिक विकास गर्न सार्वजनिक वित्तको व्यवस्थापन गर्दा अपनाउनुपर्ने वित्तीय नीतिले बचत गर्ने सामार्थ्य बढाउन, उत्पादनशील क्रियाकलापमा लगानी बढाएर राष्ट्रिय आयमा योगदान पुऱ्याउन सकारात्मक भूमिका खेल्नुपर्दछ ।

कुनै पनि देश तीव्र आर्थिक विकासका लागि आन्तरिक स्रोतको विकास र परिचालन आवश्यक छ । यसबाट मात्र देश विकास गर्न सकिन्छ । देशमा भएको गरिबी हटाउन, आर्थिक तथा सामाजिक क्षेत्रमा ठूलो स्रोत परिचालन गर्नुपर्छ । स्रोत जुटाउने दुई प्रमुख उपाय हुन्, आन्तरिक र बाहच । आन्तरिक स्रोतहरूमध्येमा कर प्रमुख स्रोत हो । देशको शान्ति सुरक्षा, प्रशासनिक कार्य तथा विकास कार्यका लागि सरकारलाई बढी रकमको आवरश्यकता पर्दछ र यस्तो रकमको बढी परिमाण सरकारले करबाटै प्राप्त गर्दछ । नेपालको राजस्वका मिश्रित दुई स्रोतहरू कर राजस्व र गैरकर राजस्वमध्ये कर राजस्वको भूमिका ठूलो रहेता पनि गैरकर राजस्वको प्रभाव पनि निकै बढेको छ ।

देशको आम्दानीको प्रमुख स्रोत राजस्व हो । तर राजस्वबाट देशको सम्पूर्ण खर्च पूर्ति गर्न नसकिएकोले नेपालले प्रत्येक वर्ष घाटाको बजेट अपनाउनुपरेको छ । यो घाटा पूर्ति गर्नको निमित्त सरकारले अन्य स्रोतहरूमा भर पर्नुपरेको छ । नेपालमा राष्ट्रिय लेखाको विवेचना गर्दा कूल गार्हस्थ उत्पादनलाई मात्र आधार मान्ने चलन छ । विगत एक दशकयता नेपालको राष्ट्रिय अर्थतन्त्रमा विप्रेषण आप्रवाह निरन्तररूपमा बढिरहेको छ । तसर्थ, नेपाली जनताको खर्चयोग्य आम्दानी कूल गार्हस्थ उत्पादनभन्दा बढी हुन्छ । नेपालीले मुलुकभित्र कमाएको आयमा विदेशबाट कमाएको खुद आय जोड्दा हुने योगलाई कूल राष्ट्रिय खर्चयोग्य आम्दानी भनिन्छ । भन्सार महसुल, अन्तःशुल्क, मालपोत तथा रजिस्ट्रेसन, आयका नाफा कर, सम्पत्ति कर, बिक्री कर र अरु करहरूबाट प्राप्त आम्दानीलाई कर राजस्व भनिन्छ । यस्तै किसिमले सरकारी सेवा तथा वस्तुहरूको बिक्रीबाट प्राप्त आम्दानी, साँवा, ब्याज तथा लाभांश, रोयल्टी तथा सरकारी सम्पत्ति बिक्रीबाट प्राप्त आम्दानी, टकमरी वा टक्सारबाट प्राप्त अन्य आम्दानी दस्तुर दण्ड जरिवाना, जफत तथा अन्य वित्तीय क्षेत्रबाट प्राप्त हुन आएको आम्दानीलाइ गैरकर राजस्व भनिन्छ ।

आर्थिक सर्वेक्षण २०८१/८२ मा उल्लेख गरिएअनुसार चालु आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म सार्वजनिक वित्तका परिसूचक सामान्य रहेका छन् । संघीय राजस्व परिचालन १२.६ प्रतिशतले वृद्धि भएकोले यस अवधिमा सरकारको बजेट घाटा र वित्त घाटामा सुधार भएको छ । प्राथमिक सन्तुलन र राजस्व सन्तुलन दुवै बचतमा रहेका छन् । वैदेशिक सहायता प्रतिबद्धतामा उल्लेख्य वृद्धि भएको छ । सार्वजनिक ऋण परिचालन बढेकोले ऋण सेवा खर्चसमेत बढेको छ । संघीय सरकारको वित्तीय व्यवस्थातर्फको खर्च फागुनसम्म २४.८ प्रतिशतले बढेको छ । सरकारको तिर्न बाँकी सार्वजनिक ऋण २०८१ फागुनमा कूल गार्हस्थ उत्पादनको ४३.८ प्रतिशत पुगेको छ । यस अवधिमा अनुदान र राजस्व बाँडफाँट गरी प्रदेश र स्थानीय तहमा तीन खर्ब २५ अर्ब ४६ करोड रूपैयाँ हस्तान्तरण भएको छ । वैदेशिक सहायता परिचालन नीति, २०८२ तर्जुमा भई कार्यान्वयनमा आएको छ । नवीनतम वित्तका उपकरण उपयोग गरी स्रोत साधनमा रहेको न्यूनता परिपूर्ति गर्ने व्यवस्थासमेत यस नीतिले गरेको छ ।

गत आर्थिक वर्ष २०८०/८१ मा तीन तहका सरकारको राजस्व संकलन (सञ्चित कोष र संघीय एकाइको विभाज्य कोषमा जम्मा भएको राजस्व) १०.४ प्रतिशतले वृद्धि भई ११ खर्ब ५० अर्ब ९९ करोड रूपैयाँ पुगेको छ । कूल संकलित राजस्वमध्ये संघबाट संकलित राजस्वको हिस्सा ९२.० प्रतिशत र प्रदेश तथा स्थानीय तहबाट संकलित राजस्वको हिस्सा ८.० प्रतिशत रहेको छ । त्यसैगरी, कूल संकलित राजस्वमध्ये कर राजस्व ८७.१ प्रतिशत र गैरकर राजस्व १२.९ प्रतिशत रहेको छ ।

आर्थिक वर्ष २०७९/८० मा तीन तहका सरकारको राजस्व संकलन ११.१ प्रतिशतले संकुचन भएको थियो । आर्थिक वर्ष २०८०/८१ मा संघ, प्रदेश र स्थानीय तहको सञ्चित कोषको राजस्व १०.४ प्रतिशतले वृद्धि भई ११ खर्ब ४३ अर्ब २० करोड रूपैयाँ पुगेको छ । कूल राजस्वमध्ये संघ, प्रदेश र स्थानीय तहको सञ्चित कोषमा रहेको राजस्वको हिस्सा क्रमशः ८१.३ प्रतिशत, ८.२ प्रतिशत र १०.५ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०७९/८० मा तीन तहका सरकारको सञ्चित कोषको राजस्व ११.६ प्रतिशतले संकुचन भएको थियो ।

आर्थिक वर्ष २०८०/८१ मा तीन तहका सरकारको कूल आय ६.५ प्रतिशतले वृद्धि भई १२ खर्ब नौ अर्ब ६४ करोड रूपैयाँ पुगेको छ । कूल आयमध्ये राजस्वको हिस्सा ९५.२ प्रतिशत र वैदेशिक अनुदान, अन्य प्राप्ति तथा आन्तरिक ऋण लगानी फिर्ताको हिस्सा ४.८ प्रतिशत रहेको छ । यसअघि आर्थिक वर्ष २०७९/८० मा तीन तहका सरकारको कूल आय ९.३ प्रतिशतले संकुचन भएको थियो । आर्थिक वर्ष २०८०/८१ मा तीन तहका सरकारमा बाँडफाँट हुने राजस्व ५.८ प्रतिशतले वृद्धि भई चार खर्ब ४६ अर्ब ४६ करोड रूपैयाँ पुगेको छ । यसमध्ये चार खर्ब ३८ अर्ब ६७ करोड रूपैयाँ तीन तहका सरकारमा बाँडफाँट भएको छ भने सात अर्ब ७९ करोड रूपैयाँ बाँडफाँट हुन बाँकी देखिएको छ । आर्थिक वर्ष २०७९/८० मा तीन तहका सरकारमा बाँडफाँट हुने राजस्व संकलन ५.८ प्रतिशतले संकुचन भएको थियो ।

चालु आर्थिक वर्षको फागुनसम्म प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व ८५ अर्ब ७० करोड रूपैयाँ रहेको छ । यस अवधिमा संघीय सरकारले संकलन गरेको रोयल्टी (बाँडफाँट हुने) ३४.४ प्रतिशतले वृद्धि भई दुई अर्ब ८५ करोड रूपैयाँ रहेको छ । यस अवधिमा करको दायरा विस्तार भएको छ । गत फागुनसम्म स्थायी लेखा नम्बर लिने करदाताको संख्या ६७ लाख नाघेको छ । मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाता तीन लाख ४३ हजार ७७१ र अन्तःशुल्कमा दर्ता भएका करदाता एक लाख २३ हजार ६७२ पुगेको छ ।

१६औं योजनामा राजस्व प्रशासनको नीतिगत तथा संस्थागत सुधार गरी प्रक्रियागत सरलीकरण र अन्तरनिकाय समन्वय कायम गर्ने र राजस्व प्रणालीलाई गतिशील र दिगो बनाउनेगरी आधुनिक प्रविधिको अधिकतम उपयोग गर्ने, सबै प्रकारको आयलाई राजस्वमा आबद्ध गर्न एकीकृत प्रणाली विकास गर्ने उल्लेख गरिएको छ । यसैगरी कृत्रिम बौद्धिकताको प्रयोग बढाउँदै सबै माध्यमबाट हुने कर छली नियन्त्रण गर्ने करदातामैत्री कर प्रशासनमार्फत राजस्व प्रशासनको शुद्धीकरण गर्ने, नियमित अध्ययन अनुसन्धानका आधारमा कर नीतिमा सुधार, करका दर परिवर्तन र कर विवादमा सुनुवाइका लागि सुझाव दिने संयन्त्र निर्माण गर्ने भनिएको छ । स्रोत अनुमानको अनुसन्धान, प्रमाण र जवाफदेहीता पुष्टि गर्ने संयन्त्रको विकास गर्ने, अनिवार्य र आकस्मिक दायित्वको सार्वजनिक खर्चलाई दिगो र धान्न सकिने बनाउन योगदानमूलक साझेदारी तथा सहभागितामा आधारित खर्च प्रणाली अवलम्बन गर्नेजस्ता नीति, रणनीति तथा कार्यक्रमहरू राखिएको देखिन्छ ।

संघीयताको कार्यान्वयन सरल र सहज मार्ग होइन । एकात्मक शासन प्रणालीका विभिन्न चरित्र र व्यवहारबाट एकैपटक आत्मसात् गरिएको संघीय प्रणालीको आधारभूत पक्ष वित्तीय संघीयताको पूर्वाधार निर्माण र कार्यान्वयन कार्य स्वाभाविकरूपमा जटिल कार्य हो । यो अत्यन्तै जटिल, प्राविधिक र सबैको सहयोग, समन्वय र सहकार्य र सहभागिताको निरन्तर आवश्यक पर्ने भएकोले केही समस्या, बाधा, चुनौतीहरू छन् । अनौपचारिक आर्थिक गतिविधिलाई औपचारिक बनाउँदै करको दायरामा ल्याउने, कर सहभागितामा गुणात्मक अभिवृद्धि ल्याउने, कर संकलन लागत र करदाताको कर परिचालन लागत घटाउने, कर प्रशासनलाई पारदर्शी, करदातामैत्री र सदाचारयुक्त बनाउने, राजस्व चुहावट नियन्त्रण, कारोबार मूल्यमा आधारित भन्सार जाँचपास प्रणालीको आधार बनाउने, बजारमा बिल दिने, लिने पद्धतिको विकास गर्नु आवश्यक छ । सबै तहको कर प्रशासनहरूबीच एकरूपता कायम गर्ने र प्राकृतिक स्रोतको उपयोग, कर संकलन र बाँडफाँडबीच एकरूपता र समन्वय गर्ने, अन्तरसरकारी कर प्रणालीबीच सामन्जस्यता र जनतामा करको अनावश्यक भार पर्न नदिने व्यवस्था गरिनुपर्छ ।

कर प्रणालीलाई लगानीमैत्री वातावरण बनाउने संयन्त्रको रूपमा विकास गर्ने, स्वच्छ, तटस्थ एवं पारदर्शी कर प्रणालीको विकास तथा स्वेच्छिक कर सहभागिता अभिवृद्धि गर्नुपर्छ । कूल गार्हस्थ उत्पादनसँग कर राजस्वको अनुपात बढाउने, संघीय संरचनाअनुसार राजस्व संरचनाको निर्माण गर्ने, करको आधार र दायरा विस्तार गर्ने, करको दायरालाई पारदर्शी एवं समन्यायिक बनाउनु आवश्यक छ । संघीय संरचना अनुकूल कर तथा गैरकरका क्षेत्रहरूको पुनरावलोकन गर्ने, कर प्रणालीलाई लगानी तथा व्यवसायमैत्री बनाउने, जोखिम व्यवस्थापन गर्न कर प्रशासनको सबलीकरण गर्ने, सबै किसिमका करसम्बन्धी विवरणहरू विद्युतीय प्रणालीमार्फत पेस गर्ने व्यवस्था मिलाउनु जरुरी छ ।

संघ, प्रदेश र स्थानीय तहको नमूना कर कानुनको ढाँचा विकास गरी प्रयोगमा ल्याउने, राजस्व चुहावटमा जोखिम क्षेत्रहरूको पहिचान गर्ने, राजस्व चुहावट नियन्त्रणमा साझा प्रयास परिचालन गर्नुको साथै कर प्रणालीको सरलीकरण र पारदर्शिताका लागि सूचना प्रविधिको विकास र विस्तार गर्ने, राजस्व संकलनमा विद्युतीय भुक्तानी प्रणालीको विकास गर्ने, राजस्व प्रशासनअन्तर्गतका निकायहरूबीच विद्युतीय सूचना प्रणालीहरूबीच अन्तरआबद्धता गर्नु आवश्यक छ ।

*(लेखक अधिवक्ता तथा अवकाशप्राप्त सहप्राध्यापक हुन्)*

# नेतृत्वको मानसिकता परिवर्तनविना विकास असम्भव



■ उपेन्द्र यादव

ठूला राजनीतिक दलहरूमा लोकतान्त्रिक संस्कृतिको अझै विकास भइसकेको छैन । त्यसले गर्दा संसदीय अभ्यास स्वस्थ ढंगले सञ्चालन भएको छैन । दलहरू आग्रह-पूर्वाग्रहले ग्रसित छन् । कार्यकारीणिको झगडा संसद्ले बेहोर्नुपरेको छ । त्यसकारण संसद्को जति प्रभावकारिता हुनुपर्थ्यो, त्यो मैले पाएको छैन । सारा जनताको ध्यान अहिले संसद्तिर छ । संसद्प्रति जनताले जुन आशा गरेका थिए, त्यो आशा पूरा गर्ने गरी संसद्ले भूमिका निर्वाह गर्न सकेको छैन । संसद् चलिरहेको देखिए पनि प्रभावकारी ढंगले संसदीय कारबाही अगाडि बढ्न सकेको छैन ।

सबै जनताले संविधानको स्वामित्व ग्रहण गर्न सकेका छैनन् । संविधान जारी गर्ने बेलामा संविधानसभामा व्यापक छलफल र संशोधन प्रस्तावमाथि बहस गरेर जारी गरेको भए त्यसको स्वामित्व सबैले ग्रहण गर्ने थिए । संविधानमा केही महत्त्वपूर्ण कुरा छन् । केही विभेदकारी विषय पनि छन् । केही दोधारे विषय पनि छन् । संविधानमा भएका महत्त्वपूर्ण विषय पनि कार्यान्वयन हुन सकेका छैनन । जस्तोः संघीयता पूर्णरूपमा कार्यान्वयन हुन सकेको छैन । प्रदेशको संरचना खडा गरियो, तर केन्द्रीकृत र एकात्मक मानसिकताबाट मुक्त नभएका कारण पूर्णरूपमा कार्यान्वयन हुन सकेको छैन । प्रदेश र स्थानीय तहले गर्नुपर्ने काम र अधिकार पनि केन्द्रमै राखिएको छ ।

केन्द्रमै स्रोत र शक्ति राखेपछि संघीयता कसरी कार्यान्वयन हुन्छ ? संघीयता कार्यान्वयन गर्न न कानुन छ, न कर्मचारीतन्त्र छ । स्रोत/साधन पनि छैन । यस्तो अवस्थामा प्रदेश सरकारले कसरी काम गर्छ ? संविधानमा लेखिएका विशेष क्षेत्र र सुरक्षित क्षेत्रको पनि कार्यान्वयन भएको छैन ।

संविधान जारी भएकै बेलादेखि संशोधनको कुरा भइरहेको छ, तर कुरामै सीमित छ । यो सरकारले चाहेको देखिँदैन । संशोधन कुन विषयमा गर्ने भन्ने विषय नै आएको छैन । कुन लक्ष्य प्राप्तिका लागि संशोधन गर्ने भन्ने नै थाहा छैन । संविधान संशोधन फण्डाजस्तो भएको छ । संविधानलाई गति दिन परिमार्जनको आवश्यकता छ । त्यसैले पहिला संविधान संशोधनका लागि विज्ञहरूको टोली बनाउनुपर्छ । त्यो टोलीले दिएको सुझावको आधारमा संशोधन गर्नुपर्छ ।

पहिला निर्वाचन प्रणालीमा संशोधन गर्नुपर्छ । नेपालजस्तो अल्पविकसित मुलुकमा यत्रो महँगो निर्वाचन प्रणाली हुनुहुँदैन । अहिलेको निर्वाचन प्रणालीले मुलुकलाई बर्बाद गर्छ । अर्को शासकीय स्वरूपमा पनि संशोधन गर्नुपर्छ । अहिलेको शासन व्यवस्था व्यावहारिकरूपमै सफल हुन सकेको छैन । अब जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति हुनुपर्छ । राष्ट्रपतिले विज्ञहरूबाट सरकार बनाउनुपर्छ । संसद्ले कानुन बनाउने, अनुगमन गर्नेलगायत संसदीय कार्य गर्नुपर्छ । सरकार र संसद्लाई अलग गर्नुपर्छ ।

त्यसैगरी न्यायपालिकालाई पनि पुनर्विचार गर्नुपर्छ । न्यायपालिकामा धेरै ढिलासुस्ती छ । जनशक्तिको पनि कमी छ । संघीय प्रणालीमा मुलुक गइसकेपछि एकात्मक प्रणालीमा न्यायपालिका त्यति प्रभावकारी हुन सक्दैन । सस्तो र सजिलो गरी जनताले न्याय सेवा पाउनुपर्छ । न्याय भनेको बजारबाट खरिद गरेको वस्तुजस्तो हुनुहुँदैन । स्थानीय तहलाई प्रदेशको क्षेत्राधिकारभित्र ल्याउने र प्रदेशलाई अधिकार सम्पन्न बनाउने विषयमा संविधान संशोधन गर्नुपर्छ ।

जनसंख्याको आधारमा कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकामा समान सहभागिता हुनुपर्छ भन्ने मधेसी समुदायको मुख्य माग हो । संवैधानिक आयोगलगायत राज्यका सबै संरचनामा मधेसी समुदायको समानरूपमा सहभागिता हुनुपर्छ । लोकतन्त्रमा जनसंख्याको आधारमा सबैको प्रतिनिधित्व हुनुपर्छ । तर, अहिले समावेशिता पनि हराउँदै गएको छ ।

संघीयताको आधारभूत सिद्धान्त भनेको प्रदेशमा स्वशासन र संघमा साझा शासन हो । यो नीतिबाट अगाडि बढ्नुपर्छ । सात प्रदेशलाई पुनर्संरचना गर्नुपर्छ । संघीयताबारे राज्य पुनर्संरचना आयोगले भनेको सामार्थ्य र पहिचानको आधारमा १० प्रदेशको बारेमा सोच्नुपर्छ । प्रदेशलाई अधिकार सम्पन्न बनाउनुपर्छ । प्रदेशलाई स्रोत र जनशक्ति दिनुपर्छ ।

सत्तामा रहेका ठूला पार्टीहरूले राज्यका संरचनामा आफ्ना मान्छे मात्रै राखेर जनताको अवस्थामा सुधार हुँदैन । अदालत, अख्तियार र अन्य संवैधानिक निकायमा आफ्ना मान्छेभन्दा पनि योग्य र सक्षम मान्छे राखियो भने जनताको अवस्था यतिकै परिवर्तन हुन्छ । त्यसकारण जनताको अवस्था परिवर्तन गर्न राजनीतिक नेतृत्वको मानसिकता परिवर्तन हुन जरुरी छ । राजनीतिक नेतृत्वको मानसिकता परिवर्तन नभएपछि देशको विकास कसरी हुन्छ ? जनताले रोजगारी कसरी पाउँछ ? रोजगारी नपाएपछि जनताको अवस्था कसरी परिवर्तन हुन्छ ?

गरिबी र बेरोजगारी भएपछि देशमा बाँच्नु कसरी ? बाँच्न गाह्रो भएपछि विदेश पलायन हुनुको विकल्प नै छैन । देशमा राम्रो शिक्षा, स्वास्थ्य, रोजगारी र सुरक्षा नभएपछि युवा पलायन हुनु स्वाभाविक हो । त्यसकारण युवा पलायन रोक्न आफ्नो देशको उद्योगधन्दा सञ्चालन गर्नुपर्छ । कृषिको विकास गर्नुपर्छ । विकास र सुशासन दिन सकियो भने युवा पलायन आफैं रोकिन्छ ।

भ्रष्टाचार अन्त्य गरेर जनतालाई सुशासन दिनु अहिलेको प्रमुख आवश्यकता हो । दलहरू विकासको गतितर्फ लाग्नुपर्छ । मूल्य र मान्यताका आधारमा राजनीति गर्नुपर्छ । व्यवस्था राजनीतिकरूपमा परिवर्तन भएको छ । तर, शासन प्रणाली उही छ । प्रशासनको ढाँचा उस्तै छ । आनीबानी, बेहोरा उही छ । त्यसकारण प्रमुख कुरा राजनीतिक दल सुध्रिन आवश्यक छ ।

*(जनता समाजवादी पार्टी नेपालका अध्यक्ष एवं प्रतिनिधिसभा सदस्य यादवसँग राससले गरेको कुराकानीमा आधारित)*



बजार लैजाने तयारी | कपिलवस्तुको कृष्णनगर नगरपालिकाको चैपुरवा गाउँको बगैँचाबाट बजार लैजान टिपेर थुपारिएको दसहरी आँप । *तस्बिर: सनिउल्ला धोबी/रासस*

# आँबुखैरेनी अस्पतालमा झाडापखाला र ज्वरोका बिरामी बढे

**तनहुँ–** जिल्लाको आँबुखैरेनी अस्पतालमा झाडापखाला र ज्वरोका बिरामी बढ्न थालेका छन् । मौसम परिवर्तन भएसँगै झाडापखाला र ज्वरोको बिरामी बढी आउने गरेका हुन् ।

दिनमा १५० जनाभन्दा बढी बिरामी उपचारका लागि आउने गरेकामा करिब २० जना ज्वरोका र १५ जना झाडापखालाका बिरामी देखापर्न थालेका अस्पतालका सुपरिटेण्डेण्ट डा. डिबी क्षेत्रीले जानकारी दिए । 'पहिला एक-दुई जना बिरामी देखिनेमा अहिले त्यो संख्या १५-२० पुगेको छ । पखालाका बिरामीलाई अस्पतालमा भर्ना गरेर उपचार गरिरहेका छौं,' उनले भने ।

ज्वरोका बिरामीको स्वास्थ्य परीक्षण गरी भाइरल संक्रमण देखिएमा सिटामोटलगायत आवश्यक औषधि दिने गरिएको बताउँदै निको नभएका वा गम्भीर प्रकृतिका बिरामीको रगत जाँच गरी टाइफाइड र डेंगी परीक्षण गर्ने गरिएको सुपरिटेण्डेण्ट डा. क्षेत्रीले जानकारी दिए । उनका अनुसार बिरामीले रोग निको नहुँदासम्म सफा, स्वच्छ पानी प्रशस्त पिउने, आराम गर्ने, झोझिलो पदार्थ प्रशस्त पिउनेलगायत सुझाव दिने गरिएको छ ।

अस्पतालमा मधुमेह, उच्च रक्तचाप, हाडजोर्नी, छालाजन्य, प्रसूतिलगायत बिरामीको संख्या पनि बढ्दै गएको अस्पताल प्रशासनले जनाएको छ । यतिबेला खेती लगाउने समय भएकाले बहिरंग (ओपिडी) घुइँचो कम भए पनि इमरजेन्सी कक्षमा बिरामीको चाप बढिरहेको छ । २०७९ मंसिर १ गते सञ्चालनमा आएको यस अस्पतालले क्रमिकरूपमा स्वास्थ्य सेवा विस्तार गर्दै नागरिकलाई सेवामा सहज बनाउँदै आएको छ ।

यसअघि ओपिडी, इमरजेन्सी, ल्याब फार्मेसी, एक्स-रे, भिडियो एक्स-रे, नियमित सेवा दिँदै आएको अस्पतालले पछिल्ला समय डेण्टल सेवा, फिजियोथेरापी, डायलाइसिस, प्रसूतिको शल्यक्रिया, गाँठागुठीको शल्यक्रियाका साथै हाडजोर्नी तथा नशा रोग विशेषज्ञ सेवा पनि थप गरेको अस्पतालका सुपरिटेण्डेण्ट डा. क्षेत्रीले जानकारी दिए ।

यसैबीच आँबुखैरेनी गाउँपालिकाको स्रोतबाट हाडजोर्नी तथा नशारोग विशेषज्ञ डा. रामकुमार साहबाट नियमित सेवा दिन थालिएको छ । उक्त सेवासँगै स्थानीयवासीले हाडजोर्नी तथा नशासम्बन्धी उपचारका लागि अन्यत्र जानुपर्ने बाध्यता अन्त्य भएको गाउँपालिकाले जनाएको छ ।

आधारभूत अस्पतालले आफूले गर्नुपर्ने दायित्वभन्दा बढी सेवा दिइरहेको अस्पतालका सुपरिटेण्डेण्ट डा. क्षेत्रीले बताए । उनले भने, 'जुन राज्य र संविधानले सोचेभन्दा बढी स्थानीय तहले सेवा प्रवाह गर्दै आएको छ । आधारभूत अस्पतालभित्र हाडजोर्नी, डायलाइसिस, प्रसूतिको शल्याक्रिया गर्नुपर्ने होइन । यहाँ बढीभन्दा बढी सेवा प्रवाह गरी नागरिकको उपचारमा सहज बनाएका छौं ।'

अस्पतालमा 'गाइनोलोजिस्ट' र 'जनरल सर्जरी'को आवश्यक देखिएको जनाउँदै क्षेत्रीले आगामी दिनमा साकार बन्ने लक्ष्य राखिएको बताए । 'यहाँ जटिल प्रकृतिका बिरामीलाई पठाउने र लिने अस्पतालबीचको समन्वय हुन सकिरहेको छैन, त्यो हुन आवश्यक छ,' उनले भने । *रासस*

# तटबन्धले जोगायो घरखेत

दाङ (प्रस)- तुलसीपुर उपमहानगरपालिका-१२ को हरीपौरी निवासी मञ्जु आचार्यलाई ग्वारखोला गाउँमा पस्छ कि भन्ने पिरलो थियो । ग्वारखोलाले जमिन काटेर गाउँमै पस्लाजस्तै गरेको थियो ।

यही पीर सोही ठाउँका रूपसिंह चौधरीलाई पनि थियो । गाउँमा बाढी पस्ने चिन्तामात्रै होइन रोपेको धानसमेत बर्सेनि बगाउँदा उनी निकै चिन्तित थिए । 'गाउँमा बाढी पस्ने डर उत्तिकै थियो,' उनले भने, 'बर्सेनि आउने बाढीले हामीले रोपेको खेतको धान बगाएर लिन्थ्यो ।'

यस्तै समस्याले गर्दा सोही वडाको हरीपौरी मात्रै होइन, जसपुर, गर्गरे, बेलान्नेलगायतका बासिन्दालाई बर्सेनि पिरोल्थ्यो । तर, अब त्यो समस्या रहेन । ग्वारखोलामा यस वर्ष तटबन्ध निर्माण भइसकेको छ । त्यो तटबन्धले गाउँ पनि सुरक्षित त हुने नै भयो जग्गा पनि सुरक्षित गरेको छ । तटबन्ध निर्माण भएपछि त्यहाँका १०० घर सुरक्षित भएका छन् । विगतमा यो रोगजस्तै भए पनि तटबन्ध निर्माण भएपछि अब सहज भएको तुलसीपुर-१२ का वडाध्यक्ष खुसीराम चौधरीले बताए । त्यहाँको ६०० मिटर तटबन्ध निर्माण भएको हो ।

गएको वर्ष वडा नं १२ मै ३०० मिटर तटबन्ध भएको हो । सिँचाइ डिभिजन कार्यालय दाङको लागतमा तटबन्ध निर्माण भएको हो । सोही वडामा अझै ७०० मिटर तटबन्ध भएको छ ।

### बबईको तटबन्धले पनि सहज

तुलसीपुर उपमहानगरपालिका-१२ कचिलाअन्तर्गत पर्ने बबई नदीमा पनि तटबन्ध निर्माण भएको छ । त्यसले पनि गाउँ नै जोगाउने अपेक्षा लिइएको छ । कचिला निवासी डिल्लीबहादुर थारुका अनुसार विगतमा बाढी बसेर गाउँ नै पुग्थ्यो । तर, अब भने त्यो डर हराएको उनले बताए । 'सधैं गाउँमा बाढी पस्थ्यो, घरै बगाउने डर हुन्थ्यो,' उनले भने, 'तर, अब त्यो समस्या हटेर गएको छ ।'

त्यहाँ करिब ३०० घरलाई असर पुऱ्याउँथ्यो । कचिला शीतलपुरलगायत बस्तीमा त्यहाँको बाढीले असर गर्ने गरेको थियो । करिब तीन करोड रूपैयाँ लागतमा त्यहाँ तटबन्ध निर्माण भएपछि सहज भएको उनको भनाइ छ । सिँचाइ डिभिजन कार्यालयले २०० मिटर तटबन्ध गरेको हो ।

बुटवल उपमहानगरको ज्येष्ठ नागरिक स्वास्थ्य परीक्षण कार्यक्रम

# सेवा पाएका वृद्धवृद्धा हर्षित, अधिकांशलाई जानकारी नै छैन

**बुटवल–** बुटवल उपमहानगरपालिकाले नगरमा बसोबास गर्ने ज्येष्ठ नागरिक घरदैलो स्वास्थ्य उपचार पाएका वृद्धवृद्धा हर्षित भएका छन् । तर, यो सेवा सबै वृद्धवृद्धासम्म नपुगेको पाइएको छ । अधिकांशले उपमहानगरको यो अभियानबारे जानकारी नै नभएको बताएका छन् ।

बुटवल उपमहानगरका प्रमुख खेलराज पाण्डेयसहितको स्वास्थ्यकर्मीहरूको एक टोलीले २०८० माघ १ गते बुटवल-१२ तामनगरस्थित प्रगति टोलकी ११० वर्षीया ऐरावती बरईको घरमा पुगी स्वास्थ्य परीक्षण एवं उपचारको पहल गरेको थियो । उनका साथमा लुम्बिनी प्रादेशिक अस्पताल बुटवलका वरिष्ठ फिजिसियन डा. नन्दु पाठकसहितको चिकित्सकीय टोलीले ज्येष्ठ नागरिक बरईको स्वास्थ्य परीक्षण गर्नाका साथै फलफूल र स्वास्थ्यवर्धक सामग्री प्रदान गरेका थिए ।

उपमहानगरले गत आर्थिक वर्ष २०८०/८१ बाआमासँग नगरप्रमुख निःशुल्क स्वास्थ्य परीक्षण र उपचार कार्यक्रम सुरु गरेको थियो । बरईको उपचार सुरु गरेर अभियानको शुभारम्भ गरिएको थियो । अभियानअन्तर्गत ज्येष्ठ नागरिकको निःशुल्क स्वास्थ्य परीक्षण र उपचारका साथै फलफूल एवं स्वास्थ्यवर्द्धक सामग्री प्रदान गरिन्छ । घरमै पुगेर बाआमासँग नगरप्रमुख स्वास्थ्य उपचार अभियानबाट यस क्षेत्रका धेरै वृद्धवृद्धाहरू लाभान्वित भएका छन् । नगरले कोही पनि वृद्ध आमाबुबा स्वास्थ्य संस्थामा पुग्न नसकी उपचारबाट वञ्चित हुन नपरोस् भन्ने उद्देश्यका साथ यो अभियान सुरु गरेको नगरप्रमुख पाण्डेयले जानकारी दिए ।



उनले भने, 'पाका पुस्ताप्रति नगरको दायित्व पूरा गर्न र अपनत्व महसुस गराउन घरघरमै पुगेर उपचार सुरु गरिएको हो ।' अभियानले पाका पुस्ताले पनि संघीयता अनुभूति गर्न पाएका छन् । स्थानीय सरकार हाम्रो स्वास्थ्यप्रति संवेदनशील रहेको अनुभूति गराएको उनीहरू बताउँछन् ।

बुटवल उपमहानगरले ज्येष्ठ नागरिकका लागि निःशुल्क स्वास्थ्य परीक्षण र उपचार गर्न उक्त सेवा उपलब्ध गराएको हो । पछिल्लो समय धेरै ज्येष्ठ नागरिकका सन्तानहरू वैदेशिक रोजगारीमा जानेक्रम वृद्धि भएको छ जसले गर्दा घरमा वृद्धवृद्धा नागरिकमात्र बस्नुपर्ने बाध्यता सिर्जना भएको छ । यस्तो परिस्थितिमा ज्येष्ठ नागरिकको उपचारमा समस्या सिर्जना भएकाले यो अभियान सञ्चालन गरिएको नगर प्रवक्ता शिव राना बताउँछन् ।

नगरले कोही पनि वृद्ध आमाबुबा स्वास्थ्य संस्थामा पुग्न नसकी उपचारबाट वञ्चित हुन नपरोस् भन्ने उद्देश्यका साथ यो अभियान सुरु गरेको उनको धारणा रहेको छ । ज्येष्ठ नागरिकलाई घरमै गएर परीक्षण र उपचार गर्ने नगरको यो प्रयास ज्यादै उदाहरणीय र प्रशंसा योग्य रहेको ज्येष्ठ नागरिकको भनाइ छ । बुटवल-९ का ज्येष्ठ नागरिक ईश्वरी ज्ञवाली उपमहानगरका नगरप्रमुखसहित चिकित्सकको टोली घरमै आएर उपचार गर्दा खुसी लागेको बताउँछन् ।

उपमहानगरको टोली घरमै आएर निःशुल्क एक्स-रे, ज्वरो मापनसहित औषधि वितरण गरेको हो । नगरले ज्येष्ठ नागरिकलाई स्वास्थ्य चेकजाँच र निःशुल्क औषधि वितरणले उपचार उपलब्ध गराएको छ । बाआमासँग नगरप्रमुख निःशुल्क स्वास्थ्य परीक्षण र उपचार कार्यक्रम बुटवल उपमहानगरपालिकाको १९ वटा वडामा सञ्चालन भएको छ ।

अभियानका क्रममा लुम्बिनी प्रादेशिक अस्पताल बुटवलका वरिष्ठ फिजिसियन डा. पाठक, स्त्रीरोग विशेषज्ञ डा. राजेन्द्र बस्याल, फिजिसियन डा. हरि पन्थीलगायत विशेषज्ञ चिकित्सक, मेडिकल अधिकृत तथा स्वास्थ्यकर्मीले स्वास्थ्य परीक्षण गर्दै आएका छन् । नगरका जनस्वास्थ्य शाखा प्रमुख युवराज पाण्डेका अनुसार बाआमासँग नगरप्रमुख निःशुल्क स्वास्थ्य परीक्षण र उपचार अभियानका क्रममा प्रयोगशालामा गरिने आवश्यक परीक्षण र औषधि निःशुल्क दिने व्यवस्था रहेको छ ।

उक्त अभियानबाट दुई हजार ६०० ज्येष्ठ नागरिकको स्वास्थ्य परीक्षण गरिएको थियो । त्यस अवसरमा ३०० को भिडियो एक्स-रे गरिएको थियो । जनस्वास्थ्य शाखा प्रमुख पाण्डेले भने, '६० वर्षदेखि माथिका सबै पाका पुस्तालाई शिविरमा उपचार गरिएको थियो भने ७० वर्ष माथि उमेरका नागरिकलाई घरघरमै पुगेर स्वास्थ्य परीक्षण गरिएको थियो ।' बुटवल उपमहानगरपालिकाले गत वर्ष सञ्चालन गरेको 'बाआमासँग नगरप्रमुख, निःशुल्क स्वास्थ्य परीक्षण र उपचार' कार्यक्रममा वडागत रूपमा के कति ज्येष्ठ नागरिकले यस कार्यक्रमबाट फाइदा लिए भन्ने विषयमा भने नगरसँग शाखामा कुनै तथ्यांक छैन । *रासस*

# दमौलीमा पानीको हाहाकार



**तनहुँ (प्रस)–** जिल्लाको सदरमुकामस्थित दमौली खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था व्यास-४ ले वितरण गर्दै आएको खानेपानी धारामा नआएपछि यतिबेला हाहाकार भएको छ ।

व्यास-२ र ३ नम्बरका स्थानीयवासीले अमरापुरीस्थित प्रेम कुवा, पानी घट्टा र पञ्चमन्दिर धारालगायत स्थानमा एक गाग्री पानी लिन सर्वसाधारणले लामो समय कुर्नुपरेको छ । धारामा पानी नआएपछि सार्वजनिक कुवा र धारामा पानी लिन सर्वसाधारण बिहानदेखि लामबद्ध लाग्ने गरेको व्यास नगरपालिका-३ देउरालीनगर निवासी उपभोक्ता देव गजमेरले जानकारी दिए ।

मंगलबार साँझदेखि पानी वितरण नभएपछि सर्वसाधारणको साँझ अबेरसम्म भीड लाग्ने गरेको छ । उनले भने, 'बुधबार साँझ ९ बजेसम्म पनि १०० को हाराहारीमा मानिस कुवा तथा धारामा पानी लिन लाइनमा बसेका छन् ।' मुग्लिन-पोखरा सडक विस्तारका क्रममा अस्थायी रूपमा रहेको खानेपानीका पाइप हटाएर स्थायी व्यवस्थापन गर्न लागिएका कारण खानेपानी वितरणमा समस्या भएको दमौली खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका अध्यक्ष बुद्धिमान श्रेष्ठले जानकारी दिए ।

उनले भने, 'बिहान सबेरैदेखि राति १० बजेसम्म निर्माण कार्यमा खटिएका छौं, जिआइ पाइप जडान कार्य भइरहेको, पाइप जडानपछि कंक्रिट गरेपछि मात्रै पानी सुञ्चालन गरिने छ ।'


## मलेसियामा रोजगार

कम्पनी : YLK POULTRY

पूर्व स्वीकृति मिति : २०८२/03/१२ | LT. 326241 | चलानी नं. ६०२४०१८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 7 | 0 | 1700 | ५५,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छैन | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार २० गते (4th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GREATER VISION OVERSEAS PVT. LTD.
Gaushala KTM, Nepal, Tel: 01 4575285, 01 4576016, 9804922520 Fax: +977-1-4469772
श्रम इजाजत नं. २८२/०५८/०५९

## मलेसियामा रोजगार

कम्पनी : SHIN YANG SHIPYARD SDN BHD

पूर्व स्वीकृति मिति : २०८१/१०/०३ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०३/१२ | LT. No. 299295 | चलानी नं. ६०२३१४७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electric Welder | 2 | 0 | 1500 | ४८,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छैन | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार २० गते (4th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Rasuwa Overseas Pvt. Ltd.
श्रम इजाजत नं. ११३०/०७३/०७४
Airport, Kathmandu, Nepal, Tel:. +977-5906439/5906448
Suresh Lama 9840557986 / Dinesh Lama 9851354485, E-Mail : rasuwaoversease@gmail.com, Website : www.rasuwaoverseas.com

## साउदीमा रोजगार

कम्पनी : DANUBE CO. FOR MAINTENANCE & CLEANING

पूर्व स्वीकृति मिति : २०८१/११/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/१२ | LT. No. 318872 | चलानी नं. ६०२३३५५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing Worker | 31 | 0 | 1200 | ४३,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार २० गते (4th Jul. 2025) मा हुनेछ ।

कम्पनी : DANUBE CO. FOR MAINTENANCE & CLEANING

पूर्व स्वीकृति मिति : २०८१/११/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/१२ | LT. No. 318871 | चलानी नं. ६०२३३०१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing Worker | 50 | 0 | 1200 | ४३,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: सुनसरी, सुनसरी मल्टिपल ट्रेनिङ सेन्टरमा मितिः २०८२ असार २० गते (4th Jul. 2025) मा हुनेछ ।
संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार २१ गते (5th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

HAMDAN GLOBAL PVT. LTD.
Sinamangal - 9, Kathmandu (Opposite of Hope hospital), Tel: +977 1 5915082 / 83
Email: hamdanglobalnepal@gmail.com, Web: www.hamdanglobal.com
License No. : 1563/079/080

## कतारमा रोजगार

कम्पनी : EXAMPLE DOHA TRADING CONTRACTING AND CLEANING

पूर्व स्वीकृति मिति : २०८२/०३/११ | LT. No. 326191 | चलानी नं. ६०२४०१७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Admin Supervisor | 1 | 0 | 3000 | ११३,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Business Executive | 1 | 0 | 3000 | ११३,२८० | | | | | | | |
| 3 | Driver | 2 | 0 | 2000 | ७५,५२० | | | | | | | |
| 4 | Dry Claener Worker | 1 | 0 | 1200 | ४५,३१० | | | | | | | |
| 5 | Electric Tech | 3 | 0 | 1200 | ४५,३१० | | | | | | | |
| 6 | Foreman | 1 | 0 | 2500 | ९४,४०० | | | | | | | |
| 7 | Mason Bricks | 1 | 0 | 1200 | ४५,३१० | | | | | | | |
| 8 | Plaster Worker (Mason) | 1 | 0 | 1200 | ४५,३१० | | | | | | | |
| 9 | Representive | 1 | 0 | 2500 | ९४,४०० | | | | | | | |
| 10 | Worker Building | 1 | 0 | 1200 | ४५,३१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार २० गते (4th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Lucky Human Resource Pvt.Ltd.
श्रम इजाजत नं. १३०२/०७४/०७५
Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np

## मुकुल वचत तथा ऋण सहकारी संस्था लि.



बालुवाटार, काठमाडौँ, सम्पर्क नं.०१-४५३५६२६, ०१-४५३५४६८, फ्याक्स नं.४४३३६७०

### कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सूचना

*प्रथम पटक प्रकाशित मिति २०८२/०३/१३ गते*

यस संस्थाबाट तपसिल सदस्यले आफ्नो व्यवसाय सञ्चालन गर्न निम्न लिखित अचल सम्पत्ति धितो राखी लिनुभएको कर्जालाई यस संस्थासँग गरेको सम्झौता वमोजिम समय-समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज तथा अन्य दस्तुर चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक ताकेता गर्दा समेत ऋणी तथा जमानतकर्ताले सो को पूर्ण बेवास्ता गर्दै कर्जा चुक्ता गर्न कुनै चासो नदेखाउनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र कर्जा चुक्ता भुक्तानी हुने मिति सम्मको सम्पूर्ण साँवा, व्याज तथा अन्य दस्तुर रकम फछ्र्योट गर्न/गराउनको लागि सम्बन्धित ऋणी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ र यो सूचनाको समेत बेवास्ता गरी बस्नु भएमा यस संस्थाले प्रचलित ऐन, नियम कानून, विनियम वमोजिम धितो सुरक्षण लिलाम बिक्रीको प्रक्रिया अगाडि बढाउने व्यहोरा पनि जानकारी गराइन्छ ।

तपसिल

| ऋणीको नाम | जमानीको नाम | धितो विवरण |
|---|---|---|
|  **ऋणी** : कल्पना मुडभरी<br>**हजुरबुवा** : टिका प्रसाद मुडभरी<br>**बुवा** : देवि प्रसाद मुडभरी<br>**नागरिकता नं.** ७५९१३<br>**स्थायी ठेगाना**<br>**अञ्चल** : बाग्मती<br>**जिल्ला** : नुवाकोट-३, गा.वि.स. कुमरी |  **जमानी** : भवानी मुडभरी<br>**हजुरबुवा** : टिका प्रसाद मुडभरी<br>**बुवा** : देवि प्रसाद मुडभरी<br>**नागरिकता नं.** ७५९११/०५८<br>**स्थायी ठेगाना**<br>**अञ्चल** : बाग्मती<br>**जिल्ला** : नुवाकोट-३, गा.वि.स. कुमरी | **जिल्ला: काठमाडौं**<br>**गा.वि.स/न.पा: का.म.न.पा.**<br>**वडा नं.**: १४<br>**सिट नं.**:: १०२११४२०४<br>**कित्ता नं.**: ४२६<br>**क्षेत्रफल**: ०-०-०-० (६१.००) ब.मी. |

प्रभाव दैनिक

शुक्रबार, १३ असार, २०८२ (Friday, June 27, 2025)




## रामप्रसाद र संगीताको 'फुलै फुलेको' सार्वजनिक

रामप्रसाद गुरूङको स्वर रहेको लोक दोहोरी गीत 'फुलै फुलेको' सार्वजनिक भएको छ । गीतमा गायनमा रामप्रसादलाई संगीता गुरूङले स्वरमा साथ दिएकी छन् । गीतमा शब्द र संगीत बिन खातीको रहेको छ । लोकशैलीमा तयार गीतको भिडियो पनि आकर्षक बनेको छ । रामप्रसाद गुरूङ, निशु गुरूङको अभिनय रहेको भिडियोमा थुप्रै कोरस प्रयोग गरिएको छ । सन्देश गुरूङको छायांकन, विनीता गुरूङको सम्पादन रहेको भिडियोमा कोरियोग्राफी तथा निर्देशन जसु गुरूङको छ ।



# 'पीआर' को टिजर सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** सलोन सलिना फिल्मसको व्यानरमा निर्माण भएको फिल्म 'पीआर' को टिजर सार्वजनिक भएको छ । बिहीबार राजधानीमा एक कार्यक्रमको आयोजना गरि टिजर रिलिज गरिएको हो ।

टिजरमा अस्ट्रेलियामा विद्यार्थीहरूको संघर्ष उनीहरूको दुख नेपालमा परिवारको पिढा एउटा समसामयिक विषय देखाइएको छ । फिल्ममा आरए सुरज पौडेल, राजन कुँवर, विनिता कार्की, पुजा चौधरी, बिमला खत्री आस्मा अधिकारी, कुशल थापा, गणेश बुढाथोकी, कृष्ण थापा, म्याक्स र नवीन घायलको अभिनय छ ।

त्यसैगरि विशेष भुमिकामा नीर शाह, गौरी मल्ल, रविन्द्र खडका, दिक्पाल कार्की उत्तम केसीले अभिनय गरेका छन् । रन्जित शाह (आरएफएम फयासिलिटी मेनेजमेन्ट अष्ट्रेलिया) र सन्तोष तिवारी (लेन वे डम्प्लिङ) सिड्नी प्रस्तुतकर्ता




रहेको यस फिल्मको निर्देशन शोभित बस्नेतले गरेका छन् । यस फिल्मको कथा पनि उनकै रहेको छ ।

यस फिल्मका निर्माताका रूपमा ए वान ग्रुप सर्भिसका प्रदीप दाहाल र इन्द्रेणी ग्रुपका लक्ष्मण सापकोटा रहेका छन् ।

फिल्ममा मानस राज र भिम बिसीको संगीत, रामजी लामिछानेको नृत्य, गणेश बुढाथोकीको पटकथा र संवाद, सौरभ सायमी (अस्ट्रेलिया) र सौरभ लामा (नेपाल) छायांकन र बन्दे प्रसादको सम्पादन रहेको छ । यस फिल्मको मुख्य सहायक निर्देशकका रूपमा रामजी राउत,गणेश बुढाथोकी, मणि तामाङ रहेका छन् ।

केवल मान सिंह बस्नेतको निर्माण ब्यबस्थापक रहेको यो फिल्मको छायांकन अष्ट्रेलियाको विभिन्न सहरमा ६० र ४० प्रतिशत गरिएको निर्देशक बस्नेतको भनाई छ ।


निर्माण पक्षका अनुसार यो फिल्म यसै महिनाको अन्तिमबाट अस्ट्रेलिया र न्युजिल्यान्डको सबै शहरमा र रिलिज गरिँदै छ । यसबाहेक दशैंको आसपासमा विश्वव्यापी रूपमा रिलिज गरिने निर्माण पक्षको भनाई छ । यो फिल्मलाई आर.आर. फिल्मसले वितरण गर्दैछ ।

# फिल्म 'घोस्टेल' निर्माण घोषणा

■ प्रभाव संवाददाता

**काठमाडौं–** फिल्म 'घोस्टेल' निर्माण घोषणा गरिएको छ । अनन्या फिल्मस्को ब्यानरमा निर्माण हुन लागेको फिल्मको थीम पोस्टर सार्वजनिक गर्दै निर्माण घोषणा गरिएको हो । फिल्म सरोज न्यौपानेले निर्माण गर्न लागेका हुन् ।

सार्वजनिक पोस्टरमा 'जब त्रासले हाँसो भेट्छ' लेखिएको छ । जसले यो फिल्म हरर कमेडी जनरामा तयार हुने संकेत गर्छ । सन् २०२६ मा सार्वजनिक प्रदर्शनमा ल्याउने लक्ष्य रहेको फिल्मको




'कास्ट एण्ड क्रू'बारे निर्माण टिमले केहि जानकारी दिएको छैन ।

न्यौपानेसँग फिल्म निर्माणमा सुयोग गुरुङले सहकार्य गरेका छन् । फिल्मको कथा सुयोग गुरुङको नै हो । 'जेरी अन टप' निर्माता न्यौपाने र निर्देशक गुरुङ उक्त फिल्मको छायाङ्कन सकाएसँगै एकसाथ नयाँ फिल्म निर्माणमा जुटेका हुन् ।

फिल्मलाई सुरज सुनुवारले निर्देशन गर्नेछन् । यसअघि 'षडङ्ग' फिल्म निर्देशन गरेका सुनुवारको पछिल्लो फिल्म 'खजुरे ब्रो' गतवर्ष प्रदर्शनमा आएको थियो ।

# गायक रोशन सुवेदीको 'पिरतिको शासन' बजारमा

■ प्रभाव संवाददाता

**काठमाडौं –** गायक रोशन सुवेदीको नयाँ गीत 'पिरतिको शासन' बजारमा आएको छ । डि.पी. खनालको शब्द र ध्रुव विश्वकर्माको संगित रहेको सो गीतमा नरेन्द्र वियोगीको एरेन्ज छ । सुवेदीलाई यस गीतमा चर्चित गायिका शान्ति श्री परियारले साथ दिएकी छन् ।

लोकार्पण भएको केहि दिनमै चर्चा कमाउन थालेको गीतलाई तीन दिनमा यूट्युवमा ६५ हजार पटक भन्दा बढि हेरिएको छ र यो क्रम बढ्दो छ ।

करिव १२ वर्षदेखि संगीत क्षेत्रमा आवद्ध सुवेदीले लोक, आधुनिक तथा चलचित्रका गरी ३० वटा भन्दा बढि गीतमा स्वर दिइसकेका छन् । उनका पूर्वै घुमेर, कारण चाहियोलगायत गीत स्रोतामाझ लोकप्रिय छन् । सुवेदीले एक सय भन्दा बढि गीतका लागि शब्द रचना समेत गरिसकेका छन् ।




# 'नेपाल किड्स आइडल'को 'स्कुल एक्टिभेसन' सुरु

**काठमाडौं (प्रस)–** जय मिडिया मेनेजमेन्टको आयोजनामा हुन लागेको बालबालिका लक्षित शो 'नेपाल किड्स आइडल' को 'स्कुल एक्टिभेसन' सुरु भएको छ । आयोजकले विद्यालय-विद्यालय पुगेर शोको प्रचारप्रसारका लागि 'स्कुल एक्टिभेसन' सुरु गरेको हो । आयोजकका अनुसार यो शोमा ५ देखि १५ वर्ष उमेर समूहका बालबालिकाले सहभागिता जनाउन पाउनेछन् ।

जय मिडियाका संस्थापक जय राज रायले स्कुल एक्टिभेसनले विद्यार्थीलाई शो प्रति चासो बढाएको बताए । 'विद्यालयका विद्यार्थीसँगै शिक्षक तथा अभिभावकले पनि यो शोप्रति चासो देखाउनुभएको छ । बालबालिका लक्षित कार्यक्रम भएकाले पनि सबैले सहयोगको प्रतिबद्धता जनाउनुभएको छ', उनले भने । जयका अनुसार नेपालका सबै जिल्ला र भारतका सिक्किम, दार्जिलिङ, आसाम, देहरादुनलगायतका स्थानमा अडिसन गरी उत्कृष्ट बाल प्रतिभाको खोजी गरिनेछ ।



# फ्रेन्चाइज इन्डोर क्रिकेट लिग हुने




■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं स्पोर्ट्स इभेन्ट्स प्रालीको आयोजनामा नेपालमा पहिलोपटक फ्रेन्चाइज इन्डोर प्रिमियर लिग क्रिकेट हुने भएको छ ।

आगामी भदौ २३ गतेदेखि २८ गतेसम्म काठमाडौंको चुनिखेलमा फ्रेन्चाइज प्रिमियर इन्डोर क्रिकेट लिग हुन लागेको हो ।

बिहीबार काठमाडौंमा पत्रकार सम्मेलन आयोजना गर्दै प्रतियोगिता निर्देशक ज्योति भण्डारीले जानकारी दिए ।

कुल १० ओभरमा हुने लिगमा १० वटा फ्रेन्चाइज टिमको प्रतिस्पर्धा हुनेछ । बुढानीलकण्ठ नगरपालिकास्थित चुनिखेलमा रोयल स्पोर्ट्स पार्क उक्त लिग हुनेछ । सिंगल राउन्ड रोबिन लिगका आधारमा प्रतिस्पर्धा हुनेछन् ।

लिगको शीर्ष चार टोलीले सेमिफाइनलमा पुग्नेछन् । विजेताका लागि इन्डोर क्रिकेटको सर्वाधिक पुरस्कार राशि पुरस्कार व्यवस्था गरिएको छ । यद्यपि, यसबारे आयोजकले केही दिनमा सार्वजनिक गर्ने आयोजकले जनाएको छ ।

लिगको टेक्निकल डाइरेक्टर रवीन्द्र गुप्ताले टिम खरिद र खेलाडीको अक्सन हुने बताए ।

एक जना मार्कीका साथै क्याटगोरी 'ए', 'बी' र 'सी' वर्गीकरण गरी खेलाडीले आफ्नो नाम दर्ता गर्न पाउनेछन् ।

राष्ट्रिय खेलाडीलाई मार्कीमा राख्नुपर्ने आयोजकले जनाएको छ । क्याटगोरीको 'ए' खेलाडीले १५ देखि २५ हजार, 'बी' खेलाडीले १०-१५ हजार र 'सी' क्याटगोरीको खेलाडीले ५ देखि १० हजार रूपैयाँ मूल्य तय गरिएको छ ।

हरेक खेलाडीले आफ्नो नाम दर्ता गराउनु पर्नेछ । लिगमा एउटा फ्रेन्चाइज टिमले कुल एक लाख ५० हजार खर्च गर्न पाउनेछ । टिम खरिद गर्न न्युनतम एक लाख ५० हजारसम्म तोकिएको निर्देशक भण्डारीले बताए ।

प्रतियोगिताका डाइरेक्टर ज्योति भण्डारीले यो लिगलाई व्यावसायिक रूपमा अगाडि बढाउने लक्ष्यसहित यो फरम्याटको प्रतिस्पर्धा सुरु गरिएको बताए ।

# अभ्यासमा जुट्यो महिला टिम

**काठमाडौं (प्रस)–** एएफसी एसियन कप छनोट खेल्न उज्बेकिस्तान पुगेको राष्ट्रिय महिला फुटबल टिमले तयारी सुरु गरेको छ ।

उज्बेकिस्तान पुगेको पहिलो दिन आराम गरेको महिला टिमले भोलिपल्टदेखि सामान्य अभ्यास सुरु गरेको छ ।

अखिल नेपाल फुटबल संघका अनुसार उज्बेकिस्तान पुगेको दोस्रो दिन खेलाडीहरूले सामान्य अभ्यास गरेका छन् । उनीहरूल बिहानको सत्र जिममा बिताएका छन् ।

उज्बेकिस्तानको गर्मीका बीच पहिलो दिन प्रशिक्षकले खेलाडीहरूलाई वाक गराएका थिए ।



एसियन कप खेल्ने सपना सहित उज्बेकिस्तान पुगेको नेपाल समूह एफमा रहेको छ । जहाँ घरेलु टोली उज्बेकिस्तान सहित श्रीलंका र लाओस छन् ।

शीर्ष स्थान हात पार्ने टिमले अर्को वर्ष अष्ट्रेलियामा हुने महिला एसियन कपमा छनोट हुनेछ । नेपालले आईतबार लाओसबिरुद्ध खेल्दै छनोट प्रतियोगिताको सुरुवात गर्नेछ ।

## म्याग्दी भलिबल कप

# आयोजकलाई हराउँदै स्याङ्जा विजयी

■ प्रभाव संवाददाता

**म्याग्दी –** आयोजकलाई घरेलु मैदानमा पराजित गर्दै स्याङ्जा जिल्ला खेलकुद विकास समिति रु दुई लाख पुरस्कार राशिको गण्डकी प्रदेशस्तरीय अन्तर जिल्ला पुरुष भलिबल प्रतियोगिता 'म्याग्दी भलिबल कप-२०८२' को बिजेता बनेको छ ।

प्रदेश खेलकुद परिषद् गण्डकीको प्रवर्द्धन तथा जिल्ला खेलकुद विकास समिति म्याग्दीको सहकार्यमा म्याग्दी जिल्ला भलिबल सङ्घले आयोजना गरेको प्रतियोगिताको आज बेनीको खुला मञ्च खेलमैदानमा भएको प्रतिस्पर्धात्मक खेलमा दुईविरुद्ध तीन सेट आफ्नो पक्षमा पार्दै स्याङ्जा विजयी भएको हो ।

पहिलो सेटमा २५-१७ र तेस्रोमा २६-२४ को अन्तरमा स्याङ्जालाई पराजित गरेको म्याग्दी दोस्रो, चौथो र पाँचौ सेटमा २५-१९, १६-२५ र १७-१५ को अन्तरमा पराजित हुँदै दोस्रो स्थानमा चित्त बुझायो ।

बागलुङलाई २५-१४, २५-२१ र २५-२३ को सोझो तीन सेटमा पराजित गर्दै तनहुँ तेस्रो भएको प्रतियोगिताको रेफ्री संयोजक टलसिङ थापाले बताए । आइतबारदेखि सुरु भएको प्रतियोगितामा म्याग्दी, मुस्ताङ, बागलुङ, पर्वत, कास्की, तनहुँ, स्याङ्जा र नवलपुर जिल्लाको सहभागिता थियो ।

विजेताललाई नगद रु दुई लाख, उपविजेतालाई नगद रु एक लाख, तेस्रोलाई नगद रु ५० हजार र चौथोलाई नगद रु २५ हजारका साथमा ट्रफी, मेडल तथा प्रमाणपत्र वितरण गरिएको म्याग्दी जिल्ला भलिबल सङ्घका अध्यक्ष तेजेन्द्र बानियाँले बताए ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्री खमबहादुर गर्बुजा (खम्बिर), गण्डकी प्रदेश खेलकुद परिषद्का सदस्य सचिव श्रीधर शर्मा, प्रमुख जिल्ला अधिकारी गुरुदत्त ढकाल, जिल्ला खेलकुद विकास समितिका अध्यक्ष सुमन श्रेष्ठ लगायतले पुरस्कार वितरण गरेका थिए ।

स्याङ्जाका सञ्जोक परियार उत्कृष्ट खेलाडी, अमित केसी उत्कृष्ट प्रशिक्षक, तनहुँका विवस आले उत्कृष्ट सेटर, म्याग्दीका विष्णु नेपाली उत्कृष्ट सर्भर, धनबहादुर भट्ट उत्कृष्ट स्पाइकर घोषित भए ।

उत्कृष्ट प्रशिक्षक र सर्वोत्कृष्ट खेलाडीलाई जनही नगद रु पाँच-पाँच हजार तथा अन्य विधागत उत्कृष्ट खेलाडीलाई जनही नगद रु तीन-तीन हजारका साथमा ट्रफी र प्रमाणपत्र प्राप्त वितरण गरिएको थियो ।



फ्रान्सको पेरिसस्थित आइफेल टावरको थिएटरमा आयोजित परम्परागत चिनियाँ नृत्य कार्यक्रममा नृत्य प्रस्तुत गर्दै कलाकारहरू । *तस्बिरः सिन्हवा*

# इरान र रूसका रक्षामन्त्री चीनमा



**किङदाओ, चीन–** मध्यपूर्वमा युद्ध र युरोपमा नेटो राष्ट्रहरूको शिखर सम्मेलनको पृष्ठभूमिमा चीनले बिहीबार इरान र रुसका रक्षामन्त्रीहरूलाई आफ्नो पूर्वी समुद्री किनारको सहर किङदाओमा बैठकका लागि आमन्त्रण गरेको छ ।

बेइजिङले लामो समयदेखि १० सदस्यीय सांघाई को-अपरेसन अर्गनाइजेसन (एससिओ) लाई पश्चिमा नेतृत्वको शक्ति समूहको काउन्टरवेटको रूपमा प्रस्तुत गर्न खोजेको छ र राजनीति, सुरक्षा, व्यापार र विज्ञानमा आफ्ना सदस्य देशहरूबीचको सहकार्यलाई बलियो बनाउन जोड दिँदै आएको छ ।

इजरायल र इरानबीच १२ दिनसम्म चलेको युद्धविरामका क्रममा संगठनका शीर्ष रक्षा अधिकारीहरूको छिङदाओ बैठक हुन लागेको हो । हेगमा उत्तर एटलान्टिक सन्धि संगठन (नेटो) का नेताहरूको शिखर सम्मेलन भएको एक दिनपछि यो सम्मेलन हुन लागेको हो । सम्मेलनमा सदस्यहरूले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई सन्तुष्ट पार्न आफ्नो रक्षा खर्च बढाउन सहमत भएका थिए ।

मस्कोसँग बेइजिङको सम्बन्ध पनि चर्चामा छ । युक्रेनसँगको रुसको युद्धमा चीनले आफूलाई तटस्थ पक्षका रूपमा चित्रित गरेको छ यद्यपि पश्चिमा सरकारहरूले उसको घनिष्ठ सम्बन्धले मस्कोलाई महत्त्वपूर्ण आर्थिक र कूटनीतिक सहयोग दिएको बताएका छन् । रुसी रक्षामन्त्री आन्द्रेई बेलोसोभले बैठकमा आफ्ना समकक्षीहरूलाई सम्बोधन गर्दै 'भूराजनीतिक तनाव बढ्दै गएको' विश्वले देखेको अन्धकारमय चित्र कोरेका थिए ।

'विश्वको वर्तमान सैन्य र राजनीतिक अवस्था कठिन छ र यसले थप बिग्रने संकेत देखाएको छ,' रुसी रक्षा मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ । उनका चिनियाँ समकक्षी डोङ जुनले पनि बिहीबार चीनको प्रमुख नौसैनिक अड्डा रहेको छिङदाओमा भएको बैठकलाई 'उथलपुथल र परिवर्तनबीच' विश्वको शक्ति सन्तुलनका लागि भएको बैठकका रूपमा चित्रण गरे ।

चीनको सरकारी समाचार संस्था सिन्ह्वाले चिनियाँ रक्षामन्त्री डोङलाई उद्धृत गर्दै भन्यो, 'सांघाई कोअपरेसन अर्गनाइजेसनले स्थिरताको प्रस्तोताको रूपमा आफ्नो भूमिका निर्वाह गर्नु अझ महत्त्वपूर्ण छ ।'

### इरानको समर्थन

इजरायल, इरान र संयुक्त राज्य अमेरिकाबीचको हालैको लडाइँबारे पनि किङदाओमा रक्षामन्त्रीहरूबीच छलफल भएको थियो । बेइजिङले त्यस द्वन्द्वका बेला आफ्ना घनिष्ठ साझेदार तेहरानलाई कूटनीतिक सहयोगबाहेक अरू केही पनि प्रस्ताव गरेन, जसले यस क्षेत्रमा उसको सीमित लाभ र संयुक्त राज्य अमेरिकासँगको सम्बन्ध बिगार्न अनिच्छुकतालाई प्रतिविम्बित गर्दछ ।

सिंगापुरको नानयाङ टेक्नोलोजिकल युनिभर्सिटीका चिनियाँ सेनाका विज्ञ जेम्स चारले एएफपीसँग भने, 'इरानलाई जनताको समर्थन कर्मका रूपमा नभई शब्दका रूपमा आउने छ । इरानमाथि अमेरिकी आक्रमणको निन्दा गर्नुका साथै बेइजिङले मध्यपूर्वको सुरक्षा मामिलामा सावधानीपूर्वक काम गरिरहने अपेक्षा गर्न सकिन्छ र चीन मध्यपूर्वको सुरक्षा चुनौतीमा तानिन चाहँदैन ।'

चीनको विदेश नीतिका विशेषज्ञ तथा एक्सेटर युनिभर्सिटीका प्राध्यापक एन्ड्रिया घिसेलीले इरानका रक्षामन्त्रीले चीनसँग हतियार आपूर्तिका विषयमा छलफल गर्ने सम्भावना रहेको तर चीन सहमत हुनेमा मलाई शंका छ । घिसेलीले भने, 'यसलाई अमेरिका र इजरायल दुवैले उत्तेजक रूपमा हेर्ने छन् र चीन, अमेरिकाका लागि अझ बढी संवेदनशील छ । बेइजिङले अमेरिकासँगको सम्बन्धलाई स्थिर गर्ने प्रयास गरिरहेको छ ।'

भारतका रक्षामन्त्री राजनाथ सिंहले पनि चिङदाओमा उपस्थित भएर एससिओका सदस्य राष्ट्रहरूले सामूहिक रूपमा हाम्रा जनताका आकांक्षाहरू पूरा गर्न र आजको चुनौतीहरूको सामना गर्न चाहना राख्नुपर्ने बताए । उनले आफ्नो कार्यालयले पोस्ट गरेको सामाजिक सञ्जालको टिप्पणीमा भने, 'हामी बाँचिरहेको संसारमा आमूल परिवर्तन भइरहेको छ । हामीलाई एकसाथ नजिक ल्याएको विश्वव्यापीकरणले गति गुमाइरहेको छ ।' *रासस/एएफपी*

# सन् २०२४ मा द्वन्द्वका कारण प्रभावित बालबालिको घटनाको रेकर्ड उच्च : *राष्ट्रसंघ*

**जेनेभा–** संयुक्त राष्ट्रसंघले सन् २०२४ मा सशस्त्र द्वन्द्वमा बालबालिकाविरुद्धका घटना ३० वर्षकै सबैभन्दा बढी भएको जनाएको छ । राष्ट्रसंघले प्यालेस्टिनी क्षेत्र, कंगो लोकतान्त्रिक गणतन्त्र, सोमालिया, नाइजेरिया र हाइटीमा सबैभन्दा बढी गम्भीर उल्लंघनका घटना भएको उल्लेख गरेको छ ।

राष्ट्रसंघका महासचिवका बालबालिका र सशस्त्र द्वन्द्वका लागि विशेष प्रतिनिधि भर्जिनिया गाम्बाले संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को छलफलका क्रममा युद्ध र सशस्त्र द्वन्द्वले बालबालिकामा पारेको भयानक स्तरको हिंसाका बारेमा बैठकलाई उक्त कुरा बताएका हुन् । उनले भने, 'युद्ध र द्वन्द्वका पक्षहरू र हामी अन्तर्राष्ट्रिय समुदायले सबै बालबालिकाको हितका लागि शान्ति सम्झौता गर्नुको साटो हाम्रा छोराछोरीका लागि ठूलो मूल्य चुकाएर सैन्य माध्यमबाट हाम्रा विवादहरू सुल्झाउन चाहेको जस्तो देखिन्छ ।'

विश्वव्यापीरूपमा र विशेषगरी गाजामा बालबालिकामा के भइरहेको छ भनेर कुनै काम नगरी हामी हेरेर बस्न सक्दैनौं । गाजाका बालबालिकाहरूले भोगेको विनास र पीडाको परिणमले हरेक मानव मापदण्डको अवहेलना र उल्लंघन गर्दछ । बालबालिकाहरूलाई खाना, स्वास्थ्य सेवा र सुरक्षाको पहुँचसहित आफ्नो अस्तित्वको साधनबाट वञ्चित गर्ने कुनै औचित्य छैन गाम्बाले स्पस्ट पारे । संयुक्त राष्ट्रसंघका अधिकारीले निगरानी, प्रमाणीकरण र रिपोर्टिङमा उनीहरूले सामना गर्ने कठिनाइहरूलाई ध्यानमा राख्दै यी उल्लंघनहरूलाई कम गर्न दिगो स्रोतहरू उपलब्ध गराउने महत्त्वलाई प्रकाश पारेका थिए । *रासस/क्युएनए*

# जेलेन्स्की र ट्रम्पबीच हवाई प्रतिरक्षाबारे छलफल




**द हेग–** युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग रक्षा, सैन्य सहयोग र युक्रेनमा जारी द्वन्द्वको वर्तमान अवस्थाबारे महत्त्वपूर्ण कूटनीतिक वार्ता गरेका छन् ।

कुराकानीलाई 'राम्रो बैठक' को रूपमा वर्णन गर्दै युक्रेनी नेताले एक्समा गरेको पोस्टमा राष्ट्रपति ट्रम्पलाई हालैको इरानविरूद्धको अमेरिकी आक्रमणलाई संकेत गर्दै 'मध्यपूर्वमा सफल अपरेसन' का लागि बधाइ दिएका छन् । अमेरिकी आक्रमणले इरानको आणविक र ड्रोन पूर्वाधारको प्रमुख उत्पादन केन्द्रलाई लक्षित गरेको थियो भने आक्रमणबाट इरानका तीनवटा हतियार निर्माणस्थल ध्वस्त भएका थिए ।

जेलेन्स्कीले भने, 'हेगमा अमेरिकी राष्ट्रपति ट्रम्पसँग मेरो भेटवार्ता भएको छ । वार्ता सकारात्मक भयो । मैले राष्ट्रपति ट्रम्पलाई मध्यपूर्वमा सफल अभियानका लागि बधाई दिएँ । यो महत्त्वपूर्ण छ कि अमेरिकी कार्यहरूले उनीहरू (इरानी)को आणविक कार्यक्रम मात्र होइन उनीहरूको ड्रोन उत्पादन क्षमतालाई पनि कमजोर पारेको छ ।'

बैठकको एउटा मुख्य विषय भनेको युक्रेनले आफ्नो हवाई प्रतिरक्षा प्रणालीलाई बलियो बनाउन रुसी क्षेप्यास्त्र र ड्रोन आक्रमणलाई निरन्तरता दिनु थियो । जेलेन्स्कीले भने, 'युक्रेनले सक्रियरूपमा आफ्ना सहर, महत्त्वपूर्ण पूर्वाधार, चर्च र नागरिक जनसंख्याको सुरक्षाका लागि अमेरिकामा निर्मित हवाई रक्षा प्रणालीहरूको खरिदलाई जोड दिइरहेको छ । यस प्रयासमा युरोपेली व्यापक सहयोगका लागि पनि आग्रह गर्दछ ।'

दुई नेताले अमेरिका र युक्रेनबीच ड्रोनको सहउत्पादनको सम्भाव्यताबारे पनि छलफल गरेका छन् । किएभले आफ्नो घरेलु रक्षा उद्योगलाई बढाउन चाहन्छ र पश्चिमी सुरक्षा आपूर्ति शृंखलामा योगदान पुऱ्याउँदछ । भेटमा युक्रेनका राष्ट्रपतिले इस्तानबुलमा हालै सम्पन्न प्राविधिक बैठकका बारेमा पनि ट्रम्पलाई जानकारी गराएका थिए । इस्तानबुलमा कैदीहरूको आदानप्रदान र मृतकहरूको स्वदेश फिर्तीलगायतका मानवीय मुद्दाहरूमा छलफल भएको थियो ।

उनले भने, 'हामीले अमेरिकी राष्ट्रपतिसँग युक्रेनी जनताको सुरक्षा, हाम्रा सहर, चर्च र पूर्वाधारहरूलाई जोगाउन अमेरिकी हवाई रक्षा प्रणालीको खरीदसम्बन्धी बिषयमा कुरा गऱ्यौं । युक्रेन यो उपकरण किन्न र अमेरिकी हतियार निर्माताहरूलाई सहयोग गर्न तयार छ । हामीले ड्रोनको सहउत्पादनको सम्भावनाको बारेमा पनि छलफल गर्यौं । हामी एकअर्कालाई बलियो बनाउन सक्छौं ।'

'मैले राष्ट्रपतिलाई इस्तानबुलमा प्राविधिक टोलीको बैठक, कैदीको आदानप्रदान र मृतकको शव आदानप्रदानको बारेमा पनि जानकारी दिएँ,' युक्रेनी राष्ट्रपतिले भने, 'आदानप्रदानअन्तर्गत रुसले कतिपय आफ्ना सैनिकको शव हस्तान्तरण गरेको छ । उनीहरूका आफन्तको पहिचानका लागि किएभमा अहिले फरेन्सिक परीक्षण भइरहेको छ ।'

जेलेन्स्कीले युद्धभूमिमा भएको पछिल्लो घटनाक्रमबारे पनि ट्रम्पलाई जानकारी गराएका थिए । उनले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले दाबी गरेको प्रगतिको खण्डन गर्ने तथ्यात्मक विवरण प्रस्तुत गरेका थिए । युक्रेनी नेता जेलेन्स्कीले भने, 'हामीले युद्धभूमिको अवस्थाबारे कुरा गर्यौं । पुटिनले पक्कै पनि जितिरहेका छैनन् । मैले राष्ट्रपतिलाई वास्तवमा धरातलमा के भइरहेको छ भन्ने तथ्यहरू उनसामु प्रस्तुत गरें ।'

स्थानीय समयअनुसार मंगलबार दक्षिणपूर्वी युक्रेनमा मस्कोले गरेको क्षेप्यास्त्र आक्रमणमा १७ जनाको मृत्यु हुनुका साथै २०० भन्दा बढी व्यक्ति घाइते भएका छन् । रुसले सीमा क्षेत्र भोरोनिश क्षेत्रलगायत विभिन्न क्षेत्रमा रातारात दर्जनौं ड्रोनलाई रोकेको र रुसी सेनाले पूर्वी युक्रेनको डोनेट्स्क क्षेत्रको डायलिभ्का गाउँलाई नियन्त्रणमा लिएको घोषणा गरेको छ ।

यसैबीच, नेटोका सदस्य राष्ट्रहरूले सन् २०३५ सम्ममा आफ्नो देशको कूल गार्हस्थ उत्पादनको पाँच प्रतिशत रक्षा र सुरक्षासँग सम्बन्धित 'मुख्य प्रतिरक्षासम्बन्धी आवश्यकता' का क्षेत्रमा लगानी गरी आफ्नो सैन्य क्षमता अभिवृद्धि गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । *रासस/एएफपी*


## मुकुल वचत तथा ऋण सहकारी संस्था लि.

**बालुवाटार, काठमाडौँ, सम्पर्क नं.०१-४५३५६२६, ०१-४५३५४६८, फ्याक्स नं.४४३३६७०**

### धितो लिलाम बढाबढको पुनः ३५ (पैतीस) दिने सूचना !

*(तेस्रो पटक प्रकाशित मिति : २०८२/०३/१३ गते)*

यस संस्थाबाट तपसिलमा उल्लेखित अचल सम्पति धितो सुरक्षण राखी ऋण लिनुभएको तपसिलका ऋणी सदस्यले ऋणको साँवा, व्याज र हर्जना समेत नतिरी/नबुझाई लिखतअनुसारको ऋणसम्बन्धी शर्तहरू पटक-पटक उल्लङ्घन गरेकाले बारम्बार लिखित तथा मौखिक तरताकेता गर्नुका साथै राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैतिस) दिने सूचना तथा धितो लिलामको सूचना मिति २०८०/१२/१८ र पुन २०८१/११/०५ मा दोस्रो पटक प्रकाशति गर्दा समेत आफूले बुझाउनु पर्ने ऋणको रकम चुक्ता गर्नेतर्फ कुनै चासो नदेखाएकोले राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बढाबढ ३५ दिने सूचना तेस्रो पटक प्रकाशित गरिएको छ । संस्थासँग भएको शर्त, कबुलिखत, तमसुक बमोजिमको धितोको घर/जग्गाहरू जे जस्तो छ, सोही अवस्थामा नेपाल सरकारबाट स्वीकृत सहकारी ऐन, २०७४, सहकारी नियमावली २०७५, प्रदेश सहकारी ऐन, २०७६, प्रदेश सहकारी नियमावली २०७६ तथा यस संस्थाको विनियम अनुसार यस कार्यालयमा तल उल्लेखित मिति र समयमा धितो लिलामको डाक बढाबढ गरी बेचविखन गरिने हुँदा सो धितो खरिद/सकार गरी लिन इच्छुक सर्वसाधारणहरूलाई समेत यसै सूचना द्वारा जानकारी गराइन्छ ।

**तपसिल**

| ऋणीको नाम थर | धितो विवरण | धन जमानी बस्ने |
|---|---|---|
| **नाम** : राम कुमार अर्याल<br>**ना.प्र.नं.**३०७४/८२१७<br>**बाबुको नाम** : वनमाली उपाध्याय<br>**बाजेको नाम** : तोयनाथ<br>**स्थायी ठेगाना** : का.म.न.पा-२, काठमाडौँ  | ऋणीको नाममा मालपोत कार्यालय मनमैजु, काठमाडौँमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौ जिल्ला मनमैजु गा.वि.स/न.पा वडा नं.९ (ख) को (साविक किता नं.११५) को हाल साविक भई क्रमशः कित्ता नं.६०, १७९, १८१, १७७ र १७४ का १२२.६७, २७.००, २६.००, १५.०० र १७६०.०० वर्ग क्षेत्रफल भएको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलाग समेत । | **नाम** : विष्णु अर्याल<br>**ना.प्र.नं.**८२१३<br>**नाता** : दाजुभाई<br>**बाबुको नाम** : वनमाली उपाध्याय<br>**बाजेको नाम** : तोयनाथ<br>**स्थायी ठेगाना** : का.म.न.पा-२, काठमाडौँ  |

**लिलाम विक्रीका शर्तहरू :**

१. लिलामी अन्तिम पटक सबैभन्दा बढी कवोल गर्ने व्यक्तिले आफूले बोलेको कूल रकमको १०% ले हुने रकम धरौटी वापत तुरुन्तै (डाक बढाबढ गरेकै बखतमा) यस संस्थामा बुझाउनु पर्नेछ ।
२. लिलामी सकार गर्ने व्यक्तिले स्वीकृत पत्र पाएको मितिले ७ (सात) दिनभित्र कबुल गरेको सम्पूर्ण रकम बुझाउनु पर्नेछ । नबुझाईमा धरौटी रकम जफत गरिनेछ । त्यसपछि दोस्रो बढी रकम कवोल गर्नेलाई मौका दिइनेछ ।
३. धितो सुरक्षण रहेको अचल सम्पति लिलाम विक्रीमा सकार गरी लिनेले अचल सम्पत्ति दाखिला/खारेज गर्दा लाग्ने शुल्क नगद दस्तुर वापतको नगद रकम सबै आफूले व्यहोर्नु पर्नेछ ।
४. यस संस्थाको कार्यालयमा तोकिएको दिन र समयमा लिलाम बढाबढ गरिनेछ । उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको समयामा हुनेछ ।
५. लिलाम बढाबढ गर्दा सबै भन्दा बढि अंक बोल्ने व्यक्तिलाई धितो सुरक्षणको अचल सम्पति दिने वा नदिने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
६. जग्गा हेर्न चाहेमा आफ्नो खर्चमा सम्वन्धित स्थानमा गई हेर्न सकिनेछ ।
७. जग्गाधनी वा निजको प्रतिनिधि लिलाम विक्री हुने समयमा उपस्थित हुनु पर्नेछ । तर निज वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि लिलाम विक्री गर्न बाधा पुगेको मानिने छैन ।
८. धितो लिलाम विक्री हुँदा डाक बढाबढमा कसैले भाग नलिएमा संस्था आफैले धितो जग्गा सकार गरि लिनेछ ।

**धितो लिलाम हुने मिति, समय र स्थान :**
**लिलाम हुने मिति** : २०८२/०४/१६ गते, शुक्रबार
**समय** : दिनको ४:०० बजे, **स्थान** : संस्थाको मुख्य कार्यालय, बालुवाटार, काठमाडौँ ।

**मुकुल बचत तथा ऋण सहकारी संस्था लि.**
बालुवाटार, काठमाडौं, फोन नं. ४५३५६२६, ४५३५४६८



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

**पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला - १९२३०० | प्रति तोला - ० | प्रति तोला - २१७५



**पर्यटकीय घुमारीघाट** | तनहुँको घिरिङ र नवलपरासी बर्दाघाट सुस्तापुर्वको बुलिङटार सिमाना भएर बग्ने कालीगण्डकी नदी र घुमारीघाट । कालीगण्डकी करिडोर खुलेसँगै घुमारीघाट अवलोकनका लागि आन्तरिक पर्यटक आउने गरेका छन् ।

*तस्बिर: सागर गिरी/रासस*

# 'ऊर्जा सुरक्षा आधुनिक जीवनको आधारभूत आवश्यकता'

■ **प्रभाव संवाददाता**




**काठमाडौं-** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले ऊर्जा सुरक्षा आधुनिक जीवनको आधारभूत आवश्यकता भएको बताएका छन् ।

चीनको जेझियाङ प्रान्तको निङ्बो शहरमा बिहीबार आयोजित शंघाई सहयोग संगठन (एससिओ) को सदस्य राष्ट्रको पाँचौं ऊर्जामन्त्रीस्तरीय बैठकको 'उच्च-गुणस्तरीय ऊर्जा विकासका लागि नीति नवप्रवर्तन'सम्बन्धी सत्रमा आफ्नो धारणा राख्दै मन्त्री खड्काले ऊर्जा सुरक्षालाई आधुनिक जीवनको आधारभूत आवश्यकता भन्दै क्षेत्रीय सहकार्य, लगानी र नीतिगत नवप्रवर्तनको खाँचो रहेको औंल्याए । ऊर्जा आजका लागि विकल्प होइन, जीवनका लागि अक्सिजन जत्तिकै आवश्यक विषय भएको उल्लेख गर्नुभएको मन्त्री खड्काको सचिवालयले जनाएको छ । मन्त्री खड्काले नेपालले पछिल्लो पाँच वर्षमा विद्युत् उत्पादन दोब्बर बनाएको, करिब ९९% जनतालाई विद्युतको पहुँचमा पुऱ्याएको र हाल ९५% भन्दा बढी विद्युत् उत्पादन नवीकरणीय ऊर्जाको स्रोतबाट गरिरहेको उल्लेख गरे ।

भारतसँग १३२ केभी तथा सोभन्दा कम भोल्टेज स्तरका कयौं प्रसारण लाइनसँगै ४०० केभी ढल्केबर-मुजफ्फरपुर प्रसारण लाइन सञ्चालनमा रहेको मन्त्री खड्काले बताए । यस्तै, बंगलादेशसँग भारतमार्फत विद्युत् निर्यातको ऐतिहासिक सम्झौता सम्पन्न भएको र चीनसँग रसुवागढी/चिलिमे-जिलोंग/केरुङ २२० केभी प्रसारण लाइन निर्माणको तयारी भइरहेको उनले बताए ।

ऊर्जा भविष्य सुरक्षित, समावेशी र हरित बनाउन दिर्घकालीन विद्युत् व्यापारलाई प्रोत्साहन गर्ने क्षेत्रीय नीतिगत समन्वय, प्रसारण पूर्वाधारमा क्षेत्रीय लगानी तथा साझेदारी र पारदर्शी मूल्य निर्धारण तथा हरित वित्त प्रणालीद्वारा ऊर्जा बजारको विकास आवश्यक रहेको मन्त्री खड्काले बताए ।

नेपालले सन् २०३५ सम्म २८ हजार ५०० मेगावाट विद्युत् उत्पादन गर्ने र सोमध्ये १५ हजार मेगावाट निर्यात गर्ने लक्ष्य लिएको उनले बताए । यस्तै, सन् २०४५ सम्म शून्य कार्बन उत्सर्जन, सबैका लागि स्वच्छ खाना पकाउने ऊर्जा र विद्युतीय यातायात तथा उद्योग प्रणालीको विकास गर्ने प्रतिबद्धता मन्त्री खड्काले व्यक्त गरे ।

# फाप्लु विमानस्थलमा पुनः उडान सुरू

■ **प्रभाव संवाददाता**

**सोलुखुम्बु-** पर्यटकीय जिल्ला सोलुखुम्बुको फाप्लु विमानस्थलमा १७ दिनपछि जहाज उडान भएको छ । प्रतिकूल मौसमका कारण गत जेठ २६ गतेदेखि अवरुद्ध भएको जहाज उडाउन १७ दिनपछि बुधबार भएको नेपाल नागरिक उड्यन प्राधिकरण फाप्लुले जनाएको छ ।

प्राधिकरणका वरिष्ठ अधिकृत आयुस थापाका अनुसार बुधबार नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) को ट्विनअटर जहाजले काठमाडौंबाट फाप्लुसम्म सफल उडान भरेर पुनः काठमाडौं फर्किएको हो । जहाज १२ जना यात्रु लिएर फाप्लु आएको भए पनि जहाजले १० जना यात्रु लिएर काठमाडौं फर्किएको अधिकृत थापाले जानकारी दिए । मौसम छिनछिनमा परिवर्तन भइरहने भएकाले बारम्बर लामो समय उडान ठप्प हुने गर्दछ । जेठ अन्तिमबाट सुरु भएको वर्षा र बाक्लो कुहिरोले लगातार १७ दिनसम्म विमानस्थल ठप्प भएको थियो ।

जिल्ला अस्पतालमा उपचार सम्भव नभएका जटिल अवस्थाका बिरामी तथा अशक्तहरू काठमाडौं पठाउन सकस परेको स्थानीय पदम श्रेष्ठले बताए । उडान बन्द हुँदा गम्भीर अवस्थाका बिरामीको जीवन जोखिममा परेको स्थानीय स्वास्थ्यकर्मीहरू बताउँछन् । काठमाण्डौं 'रेफर' गरिएका बिरामीलाई जहाजमार्फत पठाउन नसकिँदा घण्टौं लगाएर गाडीमार्फत ओखलढुंगा तथा विराटनगर पठाउनु परेको स्थानीय पेम्बा शेर्पाको भनाइ छ ।

सगरमाथा क्षेत्र घुम्न आउने पर्यटकको मुख्य गेटवे लुक्ला हो भने फाप्लु वैकल्पिक स्थलका रूपमा लिने गरिन्छ । मौसमले उडान अवरुद्ध हुँदा फाप्लु हुँदै लुक्ला पुग्ने पर्यटकहरूले योजना परिवर्तन गरिरहेको यातयात व्यवसायी मिङ्मार शेर्पाले बताए ।

जिल्लाका सदरमुकाम नजिकको फाप्लु विमानस्थलमा हाल नेपाल एयरलाइन्सबाहेक अन्य निजी विमान कम्पनीहरूले नियमित उडान तालिका राखेका छैनन् । मौसम प्रतिकूल भइरहने र यात्रुसमेत पर्याप्त नुहने भएपछि निजी विमान कम्पनीहरूले नियमित उडान तालिका समावेश नगरेका हुन् ।

नेपाल एयरलाइन्सले हप्तामा सोमबार, बुधबार, शुक्रबार र शनिबार काठमाडौं-फाप्लुमा उडान भर्ने तालिका तय गरेको छ । तर, मौसमका कारण ती उडानहरू अवरुद्ध हुँदा यात्रु मारमा परेका छन् । नेपाल नागरिक उड्यन प्राधिकरण फाप्लुका अनुसार हरेक महिना औसत १०/१२ दिन मात्र उडान हुन सक्ने अवस्था रहन्छ । अर्कोतर्फ नेपाल एयरलाइन्ससँग अहिले फाप्लुका लागि चल्ने ट्विनअटर जहाजको सङ्ख्या सीमित छ । यन्त्रको अवस्था, पाइलटको अभाव र अन्य प्राविधिक कारणले गर्दा समेत तालिका प्रभावित हुने गरेको प्राधिकरणले जनाएको छ ।

फाप्लुबाट काठमाडौंसम्मको सडक मार्गको दूरी करिब २७५ किलोमिटर छ तर, त्यो सडक अहिले पनि गाडीका लागि पूर्ण रूपमा उपयुक्त छैन । बिपी राजमार्गको सिन्धुली, खुर्को तथा काभ्रे क्षेत्रको सडक पहिरोका कारण जोखिमपूर्ण भएकाले जिल्लावासीलाई सङ्घीय राजधानी काठमाडौं आउजाउ गर्न कठिन छ ।

स्थानीय बिमला राई भन्छिन्, 'सडकबाट जान भनेको शरीरलाई यातना दिनु हो । बिरामी छ भने झन् यात्रा कहिल्यै सकिँदैन जस्तो लाग्छ ।'

# पेट्रोलियम पदार्थ आयातबाट ७३ अर्ब राजस्व संकलन

■ **प्रभाव संवाददाता**

**वीरगञ्ज-** वीरगञ्ज भन्सार कार्यालयले चालु आर्थिक वर्ष २०८१/८२ को ११ महिनामा सबैभन्दा धेरै राजस्व पेट्रोलियम पदार्थको आयातबाट रु ७३ अर्ब १८ करोड संकलन गरेको छ । कार्यालयले चालु आवको ११ महिनामा पाँच थरिका पेट्रोलियम पदार्थ आयात गर्न रु एक खर्ब ७४ अर्ब नौ करोड रकम खर्चिएको छ । आयातबाट प्राप्त कुल राजस्वमा मुख्य २० वस्तुबाट प्राप्त राजस्वको योगदानमा पेट्रोलियम पदार्थको हिस्सा भने ४६ दशमलव ४३ प्रतिशत रहेको छ ।

वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले वीरगञ्ज भन्सारको राजस्वको मुख्य आधार नै पेट्रोलियम पदार्थ र सवारीसाधनको आयातबाट प्राप्त हुने राजस्व रहेको बताए । त्यस्तै, दोस्रो धेरै राजस्व भने यातायात साधन र तिनका पार्टपुर्जा आयातबाट रु १७ अर्ब ७० करोड रकम प्राप्त भएको छ । आयातबाट प्राप्त राजस्वमा यातायातको साधन र पार्टपुर्जाको हिस्सा भने ११ दशमलव २३ प्रतिशत छ ।

त्यसैगरी, फलाम तथा फलामबाट बनेका सामानबाट रु पाँच अर्ब ७८ करोड राजस्व संकलन गरेको छ । मेसिनरी तथा पार्टपुर्जा आयातबाट रु पाँच अर्ब २६ करोड संकलन गरेको छ । इलेक्ट्रिक मेसिनरी, उपकरण र तिनका पार्टपुर्जा आयातबाट रु तीन अर्ब ६७ करोड संकलन गरेको प्रमुख भन्सार प्रशासक लामिछानेले बताए ।

चालु आवकै ११ महिनामा सबै प्रकारका कपडा आयातबाट रु तीन अर्ब छ करोड राजस्व संकलन भएको छ । सोही अवधिमा सुर्ती र सुर्तीजन्य पदार्थको आयातबाट रु दुई अर्ब ५८ करोड, शृङ्गारका सामान आयातबाट रु दुई अर्ब ५२ करोड, प्लाष्टिकका कच्चा पदार्थ आयातबाट रु दुई अर्ब ३२ करोड तथा अन्य लुब्रिकेटङ्ग आयलको आयातबाट रु दुई अर्ब १९ करोड राजस्व संकलन भएको प्रमुख भन्सार प्रशासक लामिछानेले जानकारी दिए ।

# सिटिजन्स सदाबहार योजना

**काठमाडौं (प्रस)-** सिटिजन्स म्युचुअल फण्ड अन्तर्गत सिटिजन्स बैंक ईन्टरनेसनल लिमिटेड कोष प्रवर्द्धक तथा सिटिजन्स क्यापिटल लिमिटेड योजना व्यवस्थापक तथा डिपोजिटरी रहेको प्रथम खुलामुखी योजना संचालन गर्नका लागि श्री नेपाल धितोपत्र बोर्डबाट रकम रु. पचास करोडको एसआईपी समेत गर्न सकिने सिटिजन्स सदाबहार योजना संचालन अनुमति प्राप्त गरेको छ ।

बैंकका अनुसार शुक्रबारदेखि मंगलबारसम्म चार दिन सम्म यस योजनाको इकाई निष्काशन खुला रहने जनाइएको छ ।

साथै, उक्त समय सम्ममा सम्पूर्ण इकाई बिक्रि नभएको अवस्थामा आषार २७ गते बैंकिङ्ग समय सम्म इकाई बिक्रिका लागि खुला गरिने जनाएको छ ।

सिटिजन्स सदाबहार योजना खरिद गर्नका लागि आफ्नो मेरो शेयर खाता मार्फत वा नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त गरेको सि-आश्वा सदस्य बैंक तथा वित्तिय संस्थाहरू र तिनका तोकिएको शाखा कार्यालयहरूबाट समेत आवेदन दिन सकिने व्यवस्था मिलाइएको छ । यस योजनामा सहभागी हुनका लागि न्यूनतम १०० र अधिकतम ५००,००० इकाई खरिद आवेदन दिन सकिने छ ।

सिटिजन्स म्युचुअल फण्ड अन्तर्गत संचालित अन्य योजनाहरू मध्ये प्रति इकाई अंकित मूल्य रु.१०/- दरका ८,२०,००,००० (आठ करोड बीस लाख मात्र) इकाईहरू रहेको सिटिजन्स म्युचुअल फण्ड १ नामक ७ बर्षे बन्दमुखी योजना परिपक्व भई, अन्तिम प्रति इकाई खुद सम्पत्ति मूल्य रु. ११.३० मा प्रचलित कानून बमोजिम कर कट्टी समायोजन गरी इकाईधनीहरूको हितग्राही खातामा अद्यावधिक भएको बैंक खातामा १३ प्रतिशत प्रतिफल समेत जम्मा गर्न सुरु गरिएको समेत जानकारी गराएको छ ।

स्वच्छ सहर-स्वस्थ्य सहर

- धुँवा बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समयसमयमा मर्मत सम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं, जथाभावी नफालौं,
- करेसाबारी, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट विरुवा तथा फूलको संरक्षण गरौं,
- स्वच्छ पानी र सरसफाईमा ध्यान दिऔं,
- ध्वनि र वायु प्रदूषण कम गरौं,
- सडकको समय समयमा मर्मत सम्भार गरौं,
- सडकमा निर्माण सामाग्री नराखौं,

'सहरलाई सुन्दर बनाऔं'

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पूर्ण एजेन्सी
तथा विज्ञापनदाताहरूमा
हार्दिक अनुरोध !

यस प्रभाव पब्लिकेसन प्रालिद्वारा प्रकाशित **प्रभाव राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरेवापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०८२ असार १५ गतेभित्र भुक्तानी** गरी हरहिसाब मिलान गर्नुहुन सादर अनुरोध गर्दछौं । साथै सम्पूर्ण विज्ञापनदाता तथा एजेन्सीहरूसँग सहकार्यका लागि हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा अझै प्रगाढ र सुमधुर सम्बन्ध रहने अपेक्षा गर्दछौं ।

लेखा शाखा
**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल-७, काठमाडौं, नेपाल, फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
Email:Marketing2prabhab@gmail.com

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ